## परिच्छेद एक : परिचय

### १.१ मन्टेश्वरी शिक्षाको पृष्ठभूमि

सन् १८७० मा इटलीमा जन्मेकी मारिया मन्टेश्वरीले बाल सिकाइमा नयाँ क्रान्ति ल्याइन् । बालबालिकालाई लेखाएर होइन विभिन्न खेल सामग्री खेलाउँदै शिक्षाको सुरुवात गर्नुपर्दछ भन्ने उनको सिद्धान्तका आधारमा आज विश्वभरि नै बाल सिकाइका लागि मन्टेश्वरी विद्यालयहरू खुलेका छन् । "शिक्षाको उद्देश्य हुँदैन, उद्देश्य व्यक्तिको मात्रै हुन्छ । शिक्षा बालकको रुचि, प्रवृत्ति, क्षमता, चाहना, आवश्यकता र स्वभावका आधारमा दिइनुपर्दछ" भन्ने शिक्षाविद जोन डिबेको शैक्षिक दृष्टिकोणले बाल सिकाइमा नयाँ आयाम थाल्न पुग्यो । फ्रेडरिच फ्रोबेलले सन् १८३७ मा जर्मनको पहाडी गाउँ ब्ल्याङ्केन वर्गमा किण्डर गार्डेन विद्यालय खोले जहाँ बालकलाई पहिला खेल खेल्नमा जोड दिन्छ र त्यसपछि मात्र सामान्य क्रियाकलापमा सहभागी गराइन्छ । फ्रेडरिच फ्रोबेलले त्यसपछि हरेक ठाउँमा बाल उद्यान खोलेर आफूलाई शिक्षाविद्को रूपमा चर्चित गराउन सफल भए ।

मन्टेश्वरी शिक्षालाई आगामी दिनमा अझ सशक्त र बृहत् रूपमा अघि बढाउँदै लैजाने प्रयासहरू भईरहेका छन् । सरकारी र गैरसरकारी दुवै क्षेत्रबाट यस कार्यक्रममा लगानी दिनानुदिन बढाइदै लगिएको छ । शिक्षा तथा खेलकुद मन्त्रालय, शिक्षा विभागले प्रारम्भिक बालविकास कार्यक्रमको लक्ष्य प्राप्तिको लागि बालविकास क्यालेण्डर बालविकास रणनीति पत्रको प्रकाशन गरेको छ । यसरी निजी तथा सरकारी स्तरबाट बालविकास कार्यक्रममा लगानी बढाउँदै लगेको छ । नेपालमा हालसम्म ३५,१२१ बालविकास केन्द्रहरू सञ्चालनमा रहेका छन् । तीमध्ये ३०,०२४ समुदायमा र ५,०८७ निजी स्तरमा सञ्चालित छन् र बालविकास केन्द्रको कुल भर्ना दर ७७.७ प्रतिशत रहेको छ (फ्ल्याक्स प्रतिवेदन पहिलो-२०७१) ।

मन्टेश्वरी शिक्षा बालबालिकाको लागि अति नै महत्वपूर्ण छ । त्यसैले यसको महत्वलाई आत्मसात गरी संसारका धेरै देशहरूमा प्रयोग भइरह्यो । आज २१ औं शताब्दीमा आएर पनि यसको महत्व घटेको छैन । अमेरिकामा त मन्टेश्वरी शिक्षालाई महत्व दिई मन्टेश्वरी समाज संस्था स्थापना गरिएको छ । नेपालमा विक्रम संवत् २००६ मा मन्टेश्वरी शिक्षामा

आधारित कक्षाहरू सञ्चालन गरिए । पछि मन्टेश्वरी शिक्षालाई विद्यार्थीले अभ्यास शिक्षण गर्ने थलोको रुपमा विकास गरियो (वासुकला, २०७४) ।

मन्टेश्वरी शिक्षा भनेको नै वातावरण, वातावरणीय र प्राकृतिक वस्तुहरूको आधारमा अध्यापन गरिने हो । उनीहरूले कुनै किसिमको दबाब, इच्छाविरुद्धको शिक्षालाई नकारेका छन् । तर प्रत्येक बौद्धिक मानिसहरूले बालबालिकाहरूको विकास, उन्नति र प्रगति एवम् दर्शनशास्त्रबारे आधारभूत ज्ञान राख्न अत्यन्त जरुरी हुन्छ । मन्टेश्वरी शिक्षा साह्रै महँगो, गरीबीको रेखामुनिका व्यक्तिहरूको पहुँचभन्दा बाहिरको भनेर हावा फैलाइएको छ र अनि मन्टेश्वरीको नाममा व्यापारिक केन्द्र बनाउनेहरूको जमात पनि कम छैन । मन्टेश्वरी शिक्षा भनेको प्रचलित विश्वव्यापीकरण शिक्षा र विकसित उन्नत शिक्षासँग किमार्थ पृथक छैन । उनीहरूसँग गरिने व्यवहार र शिक्षण सिकाइमा मात्रै फरक छ तर शिक्षासँग अलग छैन । यी सिद्धान्तका आधारभूत कुराहरू एक पटक मानसपटलमा आगमन भएपछि दैनिक जीवनमा विभिन्न सिर्जनात्मक प्रतिभा प्रस्फुटन गराउन अनुकूल परिस्थितिको आगमन हुन्छ । त्यसैले डाक्टर मारिया मन्टेश्वरीले आफ्नो सम्पूर्ण ध्यानहरू केन्द्रिकृत गरी फरक-फरक अवस्थाहरूमा पृथक ढङ्गले बालबालिकालाई सहज र सरल सिद्धान्तको आधारमा हायण्डील गर्ने र ड्रील आदि गर्ने प्रशस्त अध्ययन र अनुसन्धान गरी आफ्नो पौरखी सिद्धान्त निकालिन् । त्यस्ता किसिमका गहिरो र गहकिलो अध्ययन अनुसन्धानले सारा विश्वका बालबालिकाहरूमा हुने साझा विशेषताहरू पहिचान गरी सुस्त मनस्थितिका बालक र सामान्य बालिकाबीच अध्यापन कार्यमा तात्विक भिन्नता नभएको सिद्धान्त उनले प्रतिपादन गरे । मन्टेश्वरीका विशेषहरुमा बालकहरूमा सिक्ने क्षमता हुन्छ, बालकहरूमा सचेतना प्रक्रियागत रुपमा पार गर्छन्, बालकहरूमा सिक्ने चाहना उत्तिकै हुन्छ, बालकहरू खेल ( खेलको माध्य) सिक्नबाट खोज्दछन्, बालकहरू विभिन्न चरणहरू पार गर्दछन्, बालकहरू स्वतन्त्र आत्मनिर्भर हुन चाहन्छन् (वासुकला, २०७४) ।

बालकहरूमा आफूलाई आवश्यक जीवन उपयोगी सीपहरू, क्षमताका अभिवृद्धि कार्यहरू विभिन्न माध्यमले भइरहेको हुन्छ । ती अभिवृद्धि र उपलब्धि उनीहरूको आफ्नो इच्छा र चाहनाको प्रतिफल हुन्छ किनकि अनुभव र इच्छा शक्तिविनाको उपलब्धि भन्नु काल्पनिक र अर्थ न वर्थको हुन्छ । उनीहरूको इच्छा शक्ति, चाहना र मनको कुरा पत्ता लगाउने कार्य निकै कठिन छ । यसमा केही हदसम्म बालमनोविज्ञानले कार्य गर्दछ । ३ वर्षका

बालबालिकालाई यदि सुपर मार्केट वा सपिङ्ग सेन्टरमा आफूसँग लगियो भने आफूलाई मनपर्ने वस्तुहरू, चीजहरू, बलहरू, पुतलीहरू रोइकराइ लिन खोज्छन्, पिरोल्न थाल्दछन्, दिइएन भने रुन थाल्छन्, भुइँमा लडीबुडी खेल्न थाल्दछन् । उदाहरणको लागि, 'एक दिन ३ वर्षको बालक नवीन आफ्नो अभिभावकसँग बजार घुम्न गयो । आमाबाबुले उनको मनपर्ने कुरा भकुण्डो हो भनेर एउटा भकुण्डो किनेर दिने विचार गरे । नवीनले भकुण्डो लिन मानेन र त्यसको सट्टा पुलिसको पोशाक किन्न कर गर्नथाल्यो । आमाबाबुले पुलिसको पोसाक किन्न आनाकानी गरिरहे । अरु चीजहरू किन्न फकाउन थाले । गाली गरे, पिटाइ गर्न खोजे, त्यो देखेर नवीनले बाटोमा लडीबुडी गर्नथाले । आमाबाबुलाई त्यो पुलिसको पोसाक किनिदिन करै लाग्यो । अन्ततः अरुसँग रकम सापटी लिई पोशाक किनिदिन बाध्य भयो । प्राप्त वस्तुलाई ओल्टाई फर्काई घुमाउने, तलमाथि गर्ने, चलाउने आदि आफ्नो इच्छाअनुसार गर्छन् । त्यसो गरियो भनेर आमाबुबाले खराब केटो, बदमास, फटाहा, भुरा आदिले संज्ञा दिंदा आफूमाथि जाई लाग्छ वा चुप लागेर बस्छ र मनमा नकारात्मक कुराहरू सोच्न थाल्दछ । मन्टेश्वरी सिद्धान्तमा नयाँ वस्तु दिएर नै नयाँ ज्ञान प्राप्त गरिन्छ र सिकिन्छ भनिएको छ । सिक्नु र ज्ञान प्राप्त गर्नु भनेको बौद्धिक विकास हो । त्यसैले बालक जिज्ञासु भएर हरेक प्रश्नको जवाफ दिने कोशिश हामी अभिभावकले गर्नुपर्दछ । त्यसको निम्ति एकपटक लागू गर्न निकै कठिन हुन्छ र पछि बुझ्दै गएपछि त्यति अनावश्यक नियन्त्रणको जरुरत नपर्ने हुन्छ तर सिक्ने कुरामा बाधा, अड्चन र भाजो किमार्थ हाल्न हुँदैन । यदि अड्चन वा बाधा हाल्न खोज्यो भने आफूले गर्ने इच्छा शक्ति मर्न सक्छ । त्यसैले बालकलाई यी कुराहरू गर्न प्रयास गर्नुपर्दछ, आफैँ सिक्ने शिक्षा, स्वयं निर्देशित सिकाइ, स्वतन्त्रतामा सीमितता, स्वतः स्फूर्त अनुशासित, बालक र गुरुको आदर, तह र समुदायका नियम, सफलता अगाडि असफलता, आफैँ गर र सिक, बहु उमेरका बालक मिश्रित, दण्ड र पुरस्कार नगर्ने, वातावरणीय सहजता आदि (वासुकला, २०७४) ।

मन्टेश्वरी सिद्धान्तले बालकलाई नवीन ढाँचामा सिकाउने क्षमता अभिवृद्धि गराउने, असल, भविष्य सुनिश्चित गर्न लगनशील र परिश्रमी व्यक्ति तयार गर्ने, आफै गरेर सिक्ने क्षमताको अभिवृद्धि गराउने, अरुसँग स्वच्छ प्रतिस्पर्धा गर्ने र गराउने, विश्वास र आत्मबलको सृजना गर्ने र जागृत गराउने, अरुसँग मित्रवत् व्यवहार गर्ने, आशावादी हुने, आफै निर्देशित भई सिक्ने मूल आधार नै मन्टेश्वरी शिक्षाका सिद्धान्त हुन् । प्रस्तुत शोधपत्र मोरङ जिल्ला

सुन्दरहरैचा नगरपालिकामा सञ्चालित पाँचवटा मन्टेश्वरीमा गरिएको छ । प्रस्तुत शीर्षकमा हालसम्म कोही कसैले पनि शोधकार्य नगरेकाले यो शीर्षक छनोट गरिएको छ ।

## १.२ समस्याको कथन

सामान्यतया चारवर्ष उमेर पूरा नभएका बालबालिकालाई मन्टेश्वरी शिक्षाबाट दिइने शारीरिक, मानिसक र बौद्धिक शिक्षालाई मन्टेश्वरी शिक्षा भनिन्छ । प्रत्येक बालबालिकाले माया, स्नेह, शान्ति समभ्रूदारी र सुरक्षा एवम् उचित शिक्षा पाउनु उसको नैसर्गिक अधिकार हो । त्यसैले सन् २०१५ सम्ममा सबैका लागि शिक्षाको उद्देश्यहरू पूरा गर्नका लागि विभिन्न व्यक्ति, परिवार, समाज, विद्यालय, सरकारी एवम् गैह्रसरकारी संघसंस्था सबै बालबालिकालाई अनिवार्य आधारभूत शिक्षाको प्रत्याभूति दिन अधिराज्य भर व्यापक रूपमा मन्टेश्वरी शिक्षा कार्यक्रम सञ्चालन भइरहेका छन् । शिक्षा तथा खेलकुद मन्त्रालय र शिक्षा विभागले बालविकास कार्यक्रमको लक्ष्य प्राप्तिको लागि निर्देशिका, रणनीति, पाठ्यक्रम पात्रो आदिको प्रकाशन गर्दै आएको छ। बालविकास केन्द्रका बालकक्षा शिक्षकलाई तालिम र सेमिनार आदिको पनि सञ्चालन गर्दै आएको छ ।

बालविकास केन्द्रहरू बालबालिकाको सर्वाङ्गीण विकास हुने हेतुले सञ्चालनमा नआएको पाइन्छ । अन्य कक्षाहरू सरह सञ्चालनमा रहेको पाइन्छ । त्यसै कारणले यसको उद्देश्य पूरा नहुने प्रष्ट छ। खेलमा सामेल गरेर विद्यालय र पढाइप्रति आकर्षित गराउने उद्देश्य हुनुपर्नेमा खेल सामग्री नै नभएको देखियो । खेल सामग्री देखे पनि अत्यन्त थोरै मात्रामा खेल सामग्री रहेकोले सबै बालबालिकालाई सामग्री नपुग्ने भएकाले अरुले खेलेको हेरेर बस्न बाध्य भएका छन् । खेल खेल्ने उमेरका बालबालिकाहरूका लागि खेल्ने वातावरण नै नरहेको पाइन्छ ।

मन्टेश्वरी शिक्षा शिक्षकले बालबालिकाहरूको रुचि, इच्छा, चाहना र क्षमता अनुरूपको सिकाइमा सहभागी गराउने व्यवस्था छ। मन्टेश्वरी शिक्षाले तालिम लिएर पनि त्यस अनुरूपको शिक्षण नगरिएको पाइयो। लक्ष्य अनुरूपको कक्षाकोठा पाइँदैन। दिवाखाजा कार्यक्रम पोषिलो नरहेको पाइयो। सरकारी तथा गैह्रसरकारी स्तरबाट बालविकासमा लगानी बढाउँदै लगेको अवस्थामा सिकाइमा पारेको प्रभाव, दिवाखाजा कार्यक्रमले बालबालिकाको सहभागिता कार्यक्रम सञ्चालनमा समस्या सिकाइ उपलब्धिमा पारेको

प्रभाव, मन्टेश्वरी शिक्षा शिक्षकहरू र अभिभावकहरूको यस कार्यक्रमप्रतिको धारणा र कार्यक्रमको उपादेयता पहिचान गर्न यो शीर्षक छनौट गरिएको छ ।

शिक्षा विभागले पनि बालविकास केन्द्रको गुणस्तरमा सुधार ल्याउन राष्ट्रिय स्तरमा न्युनतम मापदण्ड तय गरेको छ । प्रारम्भिक मन्टेश्वरी शिक्षा कार्यक्रम सञ्चालन केन्द्रहरू कस्तो अवस्थामा सञ्चालित छन् ? कार्यक्रमका उद्देश्यहरू के कति पूरा भएका छन् ? कार्यक्रम सञ्चालन गरिएको क्षेत्रमा के कस्तो प्रभाव परेको छ । कक्षा १ मा भर्ना हुन तयार पार्ने राष्ट्रिय उद्देश्य पूरा गर्न यो कार्यक्रम कतिको सफल भएको छ भनी समग्र बालविकास कार्यक्रमको प्रभावकारिता अध्ययन गरी सरोकारवाला पक्षहरू, स्रोतकेन्द्र, जिल्ला शिक्षा कार्यालय, शिक्षा विभाग र शिक्षा मन्त्रालय सबै पक्षलाई नीति निर्माण र कार्यान्वनमा आंशिक सहयोग पुग्ने आशामा यो अध्ययन गरिएको छ । यस अध्ययनले प्रारम्भक बाल सिकाइमा संलग्न पक्षहरू बालबालिका, बालशिक्षक, विद्यालय, स्रोतव्यक्ति, सुपरिवेक्षक विद्यालय व्यवस्थापन समिति आदिलाई सहयोगी हुन्छ ।

## १.३ अध्ययनको औचित्य

शिक्षा विकासको पूर्वाधार हो । शिक्षा देश विकासको मेरुदण्ड हो । विकासात्मक मनोवैज्ञानिकहरूका अनुसार बाल्यावस्था पछिल्लो विकासको आधारशीला हो भने मन्टेश्वरी शिक्षा आधारभूत शिक्षाको आधार हो । यसै सन्दर्भमा आधारभूत शिक्षा दिनुभन्दा पहिले दिइने शिक्षाले बालबालिकाको चौतर्फी विकासमा अहम भूमिका रहेको हुन्छ । शिक्षा क्षेत्रमा राज्यको तर्फबाट उल्लेखनीय लगानी भइरहेको छ । विभिन्न दातृ निकायहरूबाट समेत शिक्षाको लागि वर्षेनी प्रशस्त अनुदान दिएको परिवेशमा यस कार्यक्रमले लक्षित समूहमा पारेको प्रभाव, यस कार्यक्रममा स्थानीय अभिभावकको संलग्नता, मन्टेश्वरी शिक्षा कार्यक्रमको उद्देश्य प्राप्त गर्न सकिने उपायहरू, दिवाखाजा कार्यक्रमले बालबालिकाहरूको उल्लेखनिय सहभागिता जस्ता पक्षहरू यस अध्ययनका महत्वपूर्ण पक्षहरू हुन् । यसैगरी यस अध्ययनले शिक्षाको पहुँच लक्षित वर्गसम्म सहज रूपमा कसरी पुऱ्याउने भन्ने पक्षमा मद्दत गर्छ । कार्यक्रमको कमीकमजोरीलाई औल्याई तिनीहरूलाई कसरी सुधार गर्न सकिन्छ भन्ने विषयवस्तु अध्ययनका लागि उपयुक्त ठहर्दछ । यस अध्ययनबाट निस्केको निष्कर्षले शिक्षाको नीति, निर्माणकर्ता, शिक्षा प्रशासक, पाठ्यक्रम निर्माता, योजनाकार, स्थानीय तहमा

सुपरिवेक्षक, स्रोतव्यक्ति, विद्यालय व्यवस्थापन समिति, शिक्षक, बालकक्षा शिक्षक, विद्यालय विद्यार्थी र अभिभावक आदि सबै निकायलाई सहयोग पुऱ्याउने आशा राखिएको छ ।

यस अध्ययनले प्रारम्भिक बालसिकाइमा संलग्न स्थानीय पक्षहरू, बालबालिका, बालकक्षा शिक्षक, विद्यालय, स्रोतव्यक्ति, सुपरिवेक्षक, विद्यालय व्यवस्थापन समिति आदिलाई सहयोग पुऱ्याउँछ ।

### १.४ अध्ययनको उद्देश्य

यस अध्ययनका उद्देश्यहरू निम्नानुसार छन् :

१. मन्टेश्वरी विधिमा कक्षाकोठा व्यवस्थापनको अवस्था पत्ता लगाउनु ।

२. मन्टेश्वरीमा बालबालिकाहरूको सहभागिताको स्थिति पत्ता लगाउनु ।

३. मन्टेश्वरी शिक्षाले बालबालिकाको सिकाइमा पारेको प्रभावको खोजी गर्नु ।

४. मन्टेश्वरी शिक्षामा देखापरेका समस्याहरूको खोजी गरी समाधानका उपायहरू सुझाउनु ।

### १.५ अनुसन्धानात्मक प्रश्नहरू

बालशिक्षामा स्थलगत रूपमा अध्ययन, अवलोकन गरी यस अनुसन्धानमा निम्न प्रश्नहरूको उत्तर खोज्ने प्रयास गरिएको छ :

१. मन्टेश्वरी शिक्षाको कक्षाकोठा व्यवस्थापन कस्तो रहेको छ ?

२. मन्टेश्वरी शिक्षामा बालबालिकाको औसत उपस्थिति कस्तो छ ?

३. बालबालिकाको सिकाई उपलब्धि कस्तो छ ?

४. मन्टेश्वरी शिक्षाका समस्या के के हुन् ?

५. मन्टेश्वरी शिक्षाको समस्याको समाधान गर्ने उपायहरू के के छन् ?

## १.६ अध्ययनको परिसीमा

कुनै पनि विषयमा अध्ययन गर्नुपूर्व त्यसको क्षेत्र निर्धारण गर्नु आवश्यक हुन्छ । अध्ययनको उद्देश्य तथा स्रोत साधन र समयलाई मध्यनजर गरी यसको सीमाङ्कन गर्नु सान्दर्भिक हुन्छ । यसै तथ्यलाई ध्यानमा राखी यो शोधकार्यको अध्ययनको क्षेत्र निम्नानुसार निर्धारण गरिएको छ । मोरङ जिल्ला सुन्दरहरैचा न.पा. का ५ वटा मन्टेश्वरीहरू छनोट गरिएको छ । त्यस मन्टेश्वरी स्कुलबाट मन्टेश्वरी कक्षा शिक्षक, मन्टेश्वरीका प्रधानाध्यापक, मन्टेश्वरीका लगानीकर्ता, विद्यार्थी गोलाप्रथाबाट ५।५ जनाको दरले प्याब्सन/अनप्याब्सनका अध्यक्ष र अभिभावक अध्ययनका लागि नमुनाको रूपमा छनोट गरिएको छ ।

# परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

सम्बन्धित साहित्य भन्नाले कुनै पनि विषयमा गरिने अध्ययन, अनुसन्धानसँग मिल्ने अध्ययनलाई सहयोग पुऱ्याउने पूर्व साहित्यलाई जनाउँछ । यस्ता साहित्यहरूको अध्ययनबाट नयाँ अध्ययन अनुसन्धानका लागि आधार प्रदान गर्नुका साथै अध्ययनलाई निष्कर्षमा पूर्णता दिने कार्यमा शोध शीर्षकसँग सम्बन्धित अनुसन्धान गरिएका पुस्तक, पत्रपत्रिका, लेख, रचनाहरू, विभिन्न संघसंस्थाका प्रतिवेदनहरू, समय समयमा दिइएका आयोगका प्रतिवेदनहरू, विषयसँग सम्बन्धित मिल्दा शोधपत्रहरूलाई सम्बन्धित साहित्य भनिन्छ ।

श्रेष्ठ, (२०७०) यस अनुसन्धानमूलक लेखको प्रमुख उद्देश्य काठमाडौं उपत्यकामा सञ्चालित पूर्व प्राथमिक विद्यालयहरूको भौतिक सुविधाको अवस्था पत्ता लगाउनु रहेछ। अनुसन्धानमूलक लेखमा काठमाडौं उपत्यकाका तीन जिल्ला (काठमाडौं, भक्तपुर र ललितपुर) प्रत्येकबाट ३/३ वटाको दरले ९ वटा पूर्व प्राथमिक विद्यालयलाई प्रधानाध्यापकलाई लिनुभएको छ। उक्त ९ वटा विद्यालयका प्रधानाध्यापकहरूको दृष्टिकोणलाई सूचकको रूपमा लिइएको छ। प्रत्यक्ष अवलोकन र अन्तर्वार्तालाई तथ्याङ्क सङ्कलनको साधनको रूपमा लिइएको छ। उक्त अनुसन्धानबाट लेखक शरणहरि श्रेष्ठले निकालेका निष्कर्ष यसप्रकार देखिन्छ ।

काठमाडौं उपत्यकाका ४८% बालविकास मात्र भौतिक सुविधा सम्पन्न छन् । अधिकांश विद्यालयहरू भौतिक सुविधाहरू व्यवस्थापन गर्न सैद्धान्तिक रूपमा अनभिज्ञ रहेछन्, अधिकांश प्रधानाध्यापकहरू शिक्षा, स्वास्थ्य र पोषणको एकिकृत महत्वप्रति अनभिज्ञ छन्, विद्यार्थीहरू घरबाटै टिफिन लिएर आउँछन् । विद्यालयमा स्थानीय स्तरका भन्दा बाहिरबाट खरिद गरिएका शैक्षिक सामग्री तथा खेल सामग्रीहरू छन् ।

विद्यार्थीका बौद्धिक, सामाजिक, संवेगात्मक र सांस्कृतिक विकासका लागि कक्षाकोठाहरू विभिन्न रङका चित्र, लेख र अन्य सामग्रीहरूले सजाउनु पर्ने लेखकको सुझाव पाइयो । विद्यालयमा उचित खेल मैदान हुनुपर्ने खानेपानीको व्यवस्था, विद्यालयमा विद्यालय आफैंले टिफिन खाजाको व्यवस्था मिलाउनुपर्ने श्रेष्ठको सुझाव छ ।

पौडेल, (२०७२) ले *पूर्व प्राथमिक कक्षाको व्यवस्थापनले सिकाइ उपलब्धिमा पारेको प्रभाव* नामक शोधपत्रमा कक्षा १ को सिकाइ उपलब्धि न्यून हुनका कारणहरू बालबालिकाहरू विद्यालयमा नियमित उपस्थित हुनु, परीक्षामा लिखित प्रश्नहरू दिनु, उमेर कम हुनु, परिवारमा शिक्षाको चेतनामा कमी, परिवारको आर्थिक अवस्था कमजोर हुनु, दिवाखाजा कार्यक्रमको व्यवस्था नहुनु, आर्थिक विपन्नता, उपयुक्त कक्षाकोठाको व्यवस्थापन नहुनु, उपयुक्त बसाई व्यवस्थापनको अभाव, आधुनिक शिक्षण सिकाइको अभाव, प्रशस्त शैक्षिक सामग्री नुहुनु भएका शैक्षिक सामग्रीको पनि प्रयोगमा नहुनु, विद्यार्थीको उपस्थिति न्यून, शिक्षकको उपस्थिति पनि न्यून हुनु, शिक्षकले बालबालिकाप्रति गर्ने व्यवहार आदिलाई सिकाइ उपलब्धिमा प्रभाव पार्ने कारणहरूको रूपमा बताइएको छ। उक्त अध्ययनले दिवाखाजा कार्यक्रमपछिको बालविकास केन्द्रको अवस्थालाई समेट्न नसकेको हुनाले सो अवस्थाको अध्ययन पनि आवश्यक देखिन्छ ।

पोखे्रल, (२०७२) ले प्रारम्भिक बालविकास कक्षामा अध्ययन गरेर आउने बालबालिकाहरूको सबै विषयमा औसत अङ्क असर नपाएका बालबालिकाको तुलनामा उत्कृष्ट हुन्छन्, बालशिक्षा प्राप्त गरेका बालबालिकाको भाषिक सीपको विकास र सामाजिक भावनाको विकास कक्षा १ मा आइपुग्दा राम्रो हुन्छ ।

लिम्बू, (२०७३), सामुदायिक विद्यालयमा बालशिक्षा व्यवस्थापन प्रक्रिया शीर्षकको शोधपत्रमा बाल शिक्षालाई किण्डर गार्डन र मण्टेश्वरी विधिद्वारा शिक्षण गर्नुपर्नेमा अन्य कक्षा सरह शिक्षण गरिएको अवस्था पाइयो। बालकक्षा शिक्षकहरूलाई बीचबीचमा पुनर्ताजकी तालिमको आवश्यकता र नयाँ शिक्षकलाई सेवामा प्रवेश तालिमको आवश्यकता देखियो। भविष्यका कर्णधार यी साना कलिला बालबालिका हुनुपर्नेमा सम्पूर्ण स्तरबाट अवलोकन, निरीक्षण र अनुगमनको अभाव रहेको निष्कर्ष निकालेकी छिन् ।

शोधकर्ताले प्रारम्भिक बाल विकास कक्षा सञ्चालनमा सहयोगी कार्यकर्ताको पारिश्रमिक न्युन भएको, शैक्षिक सामग्री खरिद गर्न दिने अनुदान न्युन हुनु, दिवा खाजा कार्यक्रमको रकम न्युन हुनु, अङ्ग्रेजी भाषा मोहको कारण सामुदायिक विद्यालयमा विद्यार्थी सङ्ख्या घट्दै जानुलाई प्रमुख समस्याको रूपमा औंल्याएका छन् ।

## २.२ अध्ययनको सैद्धान्तिक आधार


बाल्यावस्था अत्यन्तै जिज्ञासु र नक्कल गर्ने उमेर हो । यस अवस्थाका बालबालिकाहरूलाई खुल्ला वातावरणमा गरेर सिक्ने अवसर प्रदान गर्न सकेमा सिकाइ दिगो र अर्थपूर्ण हुन्छ । बालबालिकाको सर्वाङ्गीण विकास गर्ने हेतुले मन्टेश्वरी शिक्षा सञ्चालन गरिएको हुन्छ । अधिकांश बालबालिका विपन्न परिवारबाट पनि विद्यालय भर्ना गरिएका हुन्छन् । मानिसको पहिलो आवश्यकता भनेको गाँस, बास र कपासको आवश्यकता हो । यससँग मिल्दो दिवाखाजा कार्यक्रमले बालबालिकाहरूको शारीरिक आवश्यकता परिपूर्तिपछि अन्य आवश्यकताको माग हुँदै जाँदा मास्लोको उत्प्रेरणा सम्बन्धी सिद्धान्त पनि यस सिद्धान्तमा निर्देशित रहने छ ।

फ्रोबेल, (१८५२) फ्रोबेलले प्रतिपादन गरेको प्रसिद्ध शिक्षण प्रद्धतिलाई बालबगैचा भनिन्छ । फ्रोबेलको किन्डर गार्डेनमा बालक एक बिरुवाका रूपमा र शिक्षक एक मालीका रूपमा हुन्छ । यस बाल बगैँचामा बालकले स्व. क्रियाकलाप गर्दछ । क्रियाकलापको माध्यम खेल हुन्छ । यसको महत्वपूर्ण योगदान व्यवस्थापन र शिक्षण विधि हो । फ्रोबेलका अनुसार बगैँचा, बालुवा, काठका टुक्रा, कागजका टुक्रा, पेन्टिङ, खेलकुद, ढुङ्गा आदि हुने र खेलविधिद्वारा शिक्षण गर्नुपर्दछ यस अध्ययनको क्रममा Frobel को किन्डर गार्डन विधिलाई अध्ययनको आधार बनाइने छ ।

मारिया मन्टेश्वरी, (१९०७) मा मन्टेश्वरी विधिको स्थापना गरी केटाकेटीलाई पूर्ण स्वतन्त्रताका साथ पढ्न दिइन्छ । स्वस्थ्य र साथी सङ्गतिको वातावरणमा प्राकृतिक क्रियाकलापहरू गराइन्छ । यसमा पुरस्कार, दण्ड र समयको बन्धन हुँदैन र केटाकेटीले आफ्ना क्रियाकलाप आफैँ गर्ने गर्दछन् । यस विधिमा प्रयोगात्मक र शारीरिक अभ्यासका कामहरू प्रार्थना गर्ने, गीत गाउने खेलकुद गर्ने गर्नुपर्दछ र इन्द्रियहरूलाई निश्चित सामग्रीद्वारा अभ्यस्त गराउनेमा आँखा बन्द गरी छोएर पत्ता लगाउने, आवाज चिन्न लगाउने सामान मिलाउन लगाउने आदि कार्यमा मन्टेश्वरीले जोड दिएकी छिन् । बालविकासको उद्देश्य बालबालिकाको चौतर्फि विकास गर्नु भएकाले यस अध्ययनको क्रममा मन्टेश्वरीको शिक्षण पद्धतिलाई पनि आधार बनाइने छ ।

## २.३ आवधारणात्मक ढाँचा

यो अनुसन्धान कार्यलाई सहज बनाउनका लागी छनोट गरिएको सैधान्तिक ढाँचा रसाहित्यको पुनारावलोकनबाट यस अध्ययन कार्यलाई आदि बढाउन निम्नाअनुसारको अवधारणात्मक ढाँचा तयार गरी अध्ययन कार्य समापन गरिएको छ ।




## २.४ पुनरावलोकन उपादेयता

यस शोधपत्रको शीर्षकसँग सम्बन्धित साहित्यको अध्ययन तथा सैद्धान्तिक खाकामा उल्लेख गरिएका सिद्धान्तको आधारमा भविष्यमा मन्टेश्वरी शिक्षालाई अझ थप व्यवस्थित गर्न र कार्यान्वयन गर्न सहयोग पुग्दछ। अध्ययनको लागि उपलब्ध सम्बन्धित साहित्यहरूको अध्ययन आफ्नो कार्यलाई अगाडि बढाउने योजना निर्माणमा सहयोगी भएका छन् ।

मास्लोको उत्प्रेरणा सम्बन्धी सिद्धान्तले बालकक्षाका बालबालिकालाई विद्यालय पढाउन प्रेरित गर्न, विद्यालयमा नियमित उपस्थित गराउन आधार प्रदान गर्नेछ। त्यस्तै फ्रोबेल र मन्टेश्वरीको सिद्धान्तले कलिला बालबालिकाहरूको सर्वाङ्गीण विकासका लागि खुल्ला वातावरण, खेलविधि, बगैँचा, माटो ढुङ्गा आदिद्वारा शिक्षण गराउँदा उनीहरूको सिकाइ

दिगो हुने र सजिलै सिक्न सक्दछन्, सहयोग पुग्दछ। आफ्नो अध्ययनलाई अझ परिष्कृत र परिमार्जन गर्न कुन कुन पक्षमा सुधार गर्नु पर्दछ भन्ने तथ्यहरू पनि सम्बन्धित साहित्यको अध्ययनबाट प्राप्त गरेको छु।

यस अध्ययनको क्रममा कक्षाकोठा व्यवस्थापन दिवाखाजा कार्यक्रमले खेल सामग्री विद्यालयमा विद्यार्थीहरूको उपस्थिति नियमित गराउन सहयोग पुग्नेछ। सम्बन्धी बालकक्षा शिक्षक, अभिभावक, शिक्षक, स्रोतव्यक्ति, वि.व्य.स. जस्ता प्रत्यक्ष सरोकार राख्ने निकायले नियमित अनुगमन निरीक्षण, सल्लाह सुझाव र सहयोग गरी बालकक्षाको बालबालिकाहरूको पाठ्यक्रमले तोकेको उद्देश्य पूरा हुन गई समयमै नियन्त्रण रेखदेख गर्नमा सहयोग पुगन सक्ने देखिन्छ।

बालकक्षामा विद्यार्थी नियमित आउनका कारणहरू, बालकक्षाका समस्या समाधानका उपायहरू अपनाउन सकिन्छ। समस्या र समाधानका उपायहरूलाई विभिन्न तथ्याङ्क, प्रतिक्रिया, प्रक्रिया र परिणामसँग कल्पना गरी विश्लेषण सकिन्छ। बालकक्षा व्यवस्थापनका लागि यो अध्ययनबाट महत्वपूर्ण सहयोग पुग्दछ।

# परिच्छेद तीन : अध्ययन विधि

अनुसन्धान नमुना भन्नाले प्रयोगात्मक अध्ययनको लागि गरिने व्यवस्थित, तार्किक, आधारभूत तथा सङ्गठित योजना हो । अनुसन्धान कार्यलाई निष्कर्षमा पुऱ्याउन व्यवस्थित अध्ययनको आवश्यकता पर्दछ । वैज्ञानिक विधिहरूको प्रयोग गरी कुनै खास समस्याको योजनाबद्ध अध्ययन गरी नयाँ तथ्यहरू पत्ता लगाउन गरिने खोजमूलक कार्यलाई अनुसन्धान भनिन्छ । अनुसन्धान नयाँ ज्ञान प्राप्त गर्न र समस्याको समाधान गर्ने उद्देश्यले गरिने खोजी नै यथार्थमा अनुसन्धान हो ।

तसर्थ ज्ञान प्राप्त गर्ने माध्यम, समस्या समाधान गर्ने माध्यम तथा तथ्य पत्ता लगाउने माध्यमका रूपमा अनुसन्धानलाई लिन सकिन्छ र यो कार्य क्रमगत, नियन्त्रित तथा व्यवस्थित ढङ्गले हुनुपर्दछ । खोजका लागि सर्वप्रथम समस्यालाई चिन्ने, परिकल्पना गर्ने, तथ्याङ्क सङ्कलन गर्ने एवम् विश्लेषण गरी परिणाम पत्तो लगाउन समस्याको समाधान गर्न आवश्यक सहयोग गर्दछ ।

## ३.१ अनुसन्धान ढाँचा

कुनै पनि अनुसन्धान व्यवस्थित रूपमा गर्नुभन्दा अगाडि तयार गरिने योजना र पूर्व निर्धारित स्वरूपलाई नै अनुसन्धान ढाँचा भनिन्छ । अनुसन्धान ढाँचा खोजको योजना वा रूपरेखा हो । यस अनुसन्धानमा वस्तु, प्रक्रिया, समस्या तथा घटनाहरूलाई यथास्थितिमा अथवा तिनीहरूको प्राकृतिक अवस्थामा नै गुणात्मक अध्ययन गरिएको छ । साथै यस अध्ययनको क्रममा प्राप्त तथ्याङ्कहरूको परिमाणात्मक विधिद्वारा व्याख्या विश्लेषण गरी निष्कर्ष निकाल्ने प्रयास गरिएको छ । सरोकारवालाहरूसँगको छलफल, अन्तरक्रिया र भनाईका प्रश्नावलीबाट प्राप्त तथ्याङ्क र सूचना र अवलोकन फारमलाई गुणात्मक विश्लेषण गर्न र परिणात्मक विश्लेषणमा अभिलेख, तथ्याङ्क आदिलाई समावेश गरिएको छ । यो अध्ययन परिणात्मक र गुणात्मक दुवै विधि ढाँचाबाट गरिएको छ ।

## ३.२ जनसङ्ख्या र नमुना

सरकारी गैह्र सरकारी क्षेत्र तथा स्थानीय क्लबहरू मार्फत् बालविकास कार्यक्रम देशैभरि सञ्चालन भएका छन् । यस्तो अवस्थामा सम्पूर्ण क्षेत्रमा गई अध्ययन गर्न साधन र स्रोतले नभ्याउने भएकाले मोरङ जिल्ला सुन्दरहरैचा न.पा.का मन्टेश्वरी ५ वटा मन्टेश्वरीहरु विराट एकेडेमी एण्ड चाइल्ड केयर सेन्टर, एच.एम. मन्टेश्वरी, गुरुकुल शिक्षा सदन, बाल बगैंचा मन्टेश्वरी, वेष्ट मन्टेश्वरी छनोट गरिएको छ । छनौट गरिएको मन्टेश्वरीहरूलाई यहाँ तल प्रस्तुत गरिएको छ ।

तालिका नं. १ : नमुना छनोटमा परेका मन्टेश्वरीहरू

| क्र.सं. | मन्टेश्वरीको नाम | जम्मा विद्यार्थी संख्या |
|---|---|---|
| १. | विराट एकेडेमी एण्ड चाइल्ड केयर सेन्टर | १२६ |
| २. | एच.एम. मन्टेश्वरी | ३८ |
| ३. | गुरुकुल शिक्षा सदन | ४४ |
| ४. | बाल बगैंचा मन्टेश्वरी | २१ |
| ५. | वेष्ट मन्टेश्वरी | ७५ |

यस अध्ययनमा मोरङ जिल्ला सुन्दरहरैचा नगरपालिकाका ५ मन्टेश्वरी छनोटमा परेका छन् । यस बाहेक बालविकास केन्द्रसँग प्रत्यक्ष सरोकार राख्ने व्यक्तिहरू अभिभावक, विद्यार्थी, शिक्षक छनोट गरिएको छ ।

## ३.३ तथ्याङ्कको स्रोत

अध्ययन कार्यलाई पूर्णता दिन जहाँबाट तथ्याङ्क प्राप्त गरिन्छ । त्यसलाई तथ्याङ्कको स्रोत मानिन्छ । अनुसन्धानको प्रकृति अनुसार तथ्याङ्क प्राप्त हुने स्रोतहरू भिन्न-भिन्न हुन सक्दछन् । यस अध्ययन कार्यलाई पूर्णता दिनका लागि आवश्यक पर्ने सूचना तथा तथ्याङ्क सङ्कलन स्थलगत सर्वेक्षणद्वारा प्राप्त प्राथमिक तथ्याङ्क र विद्यालयको अभिलेख, स्रोत केन्द्रको अभिलेख जस्ता सहायक स्रोत दुवै स्रोतहरूको उपयोग गरिएको छ ।

### ३.३.१ प्राथमिक स्रोत

अनुसन्धानकर्ताले आफ्नो अध्ययन कार्यलाई पूर्णता दिनका लागि स्थलगत सर्वेक्षणबाट प्राप्त गरेको तथ्याङ्क नै प्राथमिक तथ्याङ्क हो । जसको प्रयोग शोधकर्ता आफैँले पहिलोपटक गरेको हुन्छ । यस अध्ययनका लागि आवश्यक पर्ने प्राथमिक तथ्याङ्कहरू, प्र.अ., शिक्षक, शिक्षिका, अभिभावक र विद्यार्थीसँग छलफल, अन्तर्वार्ता, अवलोकन फारम, प्रश्नावली व्यक्तिगत भेटघाट आदि साधन प्रयोग गरी तथ्याङ्क सङ्कलन गरिन्छ ।

### ३.३.२ द्वितीय स्रोत

अरू व्यक्तिहरूबाट सङ्कलित तथ्याङ्कलाई सहायक वा द्वितीय तथ्याङ्क भनिन्छ । यस अध्ययन अन्तर्गत विद्यार्थीको प्रगति विवरण, मार्क लेजर, हाजिरी, चार्टहरू, भित्ता लेखन, तालिका, विद्यालयका अभिलेखहरू, शोधपत्रहरू, अध्ययन अनुसन्धान प्रतिवेदन प्रकाशित तथा अप्रकाशित लेख रचनाहरू आदि स्रोतहरूको माध्यमबाट थप तथ्याङ्क सङ्कलन गरिएको छ ।

## ३.४ अनुसन्धानका साधनहरू

यस अनुसन्धानलाई अघि बढाउन अन्तर्वार्ता प्रश्नावली, सर्वे फारम, लक्षित समूह छलफल अवलोकन फारम र अन्तर्वार्ता फारम आदिको प्रयोग गरिएको छ । सूचना सङ्कलन गर्न आमनेसामने बसी अन्तर्वार्ता गरिएको छ :

### ३.४.१ प्रश्नावली

यस अनुसन्धानमा विद्यार्थी, मन्टेश्वरी शिक्षक, लगानीकर्तालाई प्रश्नावलीबाट तथ्याङ्क सङ्कलन गरिएको छ ।

### ३.४.२ अन्तर्वार्ता

यस अनुसन्धानमा अभिभावक, मन्टेश्वरीका प्रिन्सिपल, लगानीकर्ताहरूसँग अन्तर्वार्ताका माध्यमबाट सूचना सङ्कलन गरियो ।

### ३.४.३ अवलोकन फारम

मन्टेश्वरीको भौतिक अवस्था, शैक्षिक अवस्था र बालबालिकाको व्यवहारको अवलोकन फारमको प्रयोग गरिएको छ ।

### ३.४.४ तथ्याङ्क सङ्कल फारम

बालबालिकाहरूको उपस्थिति, मन्टेश्वरी शिक्षकको विस्तृत विवरण, बालबालिकाको विषयगत उपलब्धि विवरण सङ्कलन गर्न तथ्याङ्क सङ्कलन फारम प्रयोग गरिएको छ ।

### ३.५ तथ्याङ्क सङ्कलन प्रक्रिया

यस अनुसन्धानमा तथ्याङ्क सङ्कलन गर्न अनुसन्धानकर्ता आफैँ नमुना छनौटमा परेको विद्यालय तथा मन्टेश्वरीहरूमा स्थलगत भ्रमण गरेर रिपोर्ट र सूचनाहरू सङ्कलन गरिएको छ। मन्टेश्वरी शिक्षक, प्रिन्टिपल, लगानीकर्ता, विद्यार्थी, अभिभावकका लागि प्रश्नावली प्रयोग गरिएको छ। सम्बन्धित मन्टेश्वरीको नतिजा पुस्तिका, उपस्थिति पुस्तिका आदिबाट आवश्यक तथ्याङ्क सङ्कलन गरिएको छ। छनोटमा परेका मन्टेश्वरीमा रहेका नतिजा पुस्तिका, उपस्थिति पुस्तिका, मन्टेश्वरी शिक्षकको विस्तृत विवरण जस्ता तथ्याङ्क सङ्कलन गरिएको छ ।

### ३.६ तथ्याङ्क विश्लेषण प्रक्रिया

कुनै पनि अध्ययनको वास्तविकता प्राप्त तथ्याङ्कहरूको उचित व्याख्या र विश्लेषणबाट पत्ता लाग्ने भएकोले सङ्कलित तथ्याङ्कहरूलाई विभिन्न प्रक्रियाहरू अबलम्वन गरी विश्लेषण गरिएको छ। माथि उल्लेखित अनुसारका साधनहरू उपयोग गरी प्राप्त भएका तथ्याङ्कलाई तालिकीकरण, स्तम्भचित्र औषत आदिको उपयोग गरी तथ्याङ्कको व्याख्या र विश्लेषण गरिएको छ ।

छनौटमा परेका मन्टेश्वरीहरूमा अनुसन्धानकर्ता आफैँ स्थलगत भ्रमणमा पुगेर त्यहाँ सङ्कलन गरिने सूचना र तथ्याङ्कलाई तालिकामा प्रस्तुत गरिएको छ। बालविकास कक्षाको वास्तविक भौतिक अवस्थाको अध्ययन गरिएको छ। बालबालिकाहरू दिवाखाजाको प्रभावले उपस्थितिदर पत्ता लगाउन हाजिरी खाताद्वारा पत्ता लगाइएको छ ।

# परिच्छेद चार : नतिजा विश्लेषण

बालबालिकाको भावी जीवनमा प्रारम्भिक बाल्यावस्थामा पाउने वातावरणले महत्त्वपूर्ण प्रभाव पार्दछ । बाल्यावस्थाका बालबालिकाको सर्वाङ्गीण विकासका लागि उचित वातावरण प्रदान गर्न सकेमा मात्र उनीहरू भविष्यमा सफल हुन सक्छन् । सर्वाङ्गीण विकासका लागि उचित वातावरण प्रदान गर्न सकेकामा मात्र उनीहरु भविश्यमा सफल हुन सक्छन् । सर्वाङगीण विकासका लागि मन्टेश्वरी विधिका विद्यालयहरुको महत्वपुर्ण भूमिका हुन्छ । यस यर्थाथलाई आत्मासाथ गर्दै मोरङ् जिल्ला सुन्दरहरैचा नगरपालिकामा संञ्चालित मन्टेश्वरीहरु मध्ये ५ वटा मन्टेश्वरी विधी भएका विद्यालयहरुको स्थलगत भ्रमण गरी वास्तविक भौतिक अवस्था, शैक्षिक अवस्था, बालबालिकाको नियमितता, अभिभावकको उपस्थितिको अवस्था र मन्टेश्वरी विधी भएका विद्यालयहरुले बालबालिकामा के कस्तो प्रभाव पारेको छ ? सो को अध्ययन अनुसन्धान गर्न ५ वटा मन्टेश्वरी विधी भएका विद्यालयहरुलाई लिइएको छ ।

यस अध्ययनको उद्देश्य प्राप्तिका लागि सङ्कलन गरिएका विभिन्न किसिमका तथ्याङ्कहरू, जानकारी, सूचना तथा प्रतिक्रियाहरूको निम्नानुसार व्याख्या तथा विश्लेषण गरिएको छ ।

## ४.१ मन्टेश्वरी शिक्षाको भौतिक अवस्था

यस अन्तर्गत मन्टेश्वरी शिक्षा कक्षाहरूको वास्तविक अवस्थाहरूको अध्ययन र अवलोकन गरी प्राप्त तथ्यलाई वास्तविक रूपमा व्याख्या र विश्लेषण गरिएको छ ।

### ४.१.१ मन्टेश्वरी शिक्षाको भौतिक अवस्था

मन्टेश्वरी शिक्षाको भौतिक अवस्था अध्ययन गर्ने क्रममा नमुना छनौटमा परेका मन्टेश्वरी स्कुलहरुको कक्षाकोठा, फर्निचर, खेल मैदान, पिउने पानी, शौचालय, सजावट, हावा प्रकाशको प्रवाह, बिजुलीको अवस्था र झ्यालढोकाको अवस्थाहरूको अध्ययन गरिएको छ ।

**कक्षाकोठाको आकार**

कक्षा कोठमा बालबालीकाको स्वास्थ्यलाई अनुकूल तापकम जाडोमा घाम आउने, गर्मिमा हावा पस्ने ढोका हुनेपर्ने, कक्षाकोठाको क्षेत्रफल तराई भेगमा : १० फिट उचाई, १६ फिट चौडाई, २६ फिट लम्बाई (४१६ वर्ग फिट) हुनुपर्नेमा स्थलगत भ्रमणका क्रममा ३२०-३७० वर्ग फिटसम्म पाइयो ।

यसरी कक्षाकोठाको क्षेत्रफल औसत रूपमा हेर्ने हो भने ३४२ वर्ग फिट देखिन्छ । जसमा प्रति विद्यार्थी क्षेत्रफल औषत रूपमा १४ वर्ग फिटसम्म पाइयो । जुन नेपाल सरकारले प्रति विद्यार्थी ०.७५ वर्ग मिटर हुनुपर्ने मान्यतासँग पनि मेल खान जान्छ र जुन अन्तर्राष्ट्रिय मापदण्ड (प्रति विद्यार्थी १३ वर्ग फिट)सँग मेल खाने देखिन्छ ।

तालिका नं. २ : बालबालिका बस्ने कोठाको क्षेत्रफल (वर्ग फिटमा)

| क.सं. | मन्टेश्वरी | कोठा नं. १ | कोठा नं. २ |
|---|---|---|---|
| १. | विराट एकेडेमी एण्ड चाइल्ड केयर सेन्टर | ३६० | ३६० |
| २. | एच.एम. मन्टेश्वरी | ३५० | ३५० |
| ३. | गुरुकुल शिक्षा सदन | ३२० | ३२० |
| ४. | बाल बगैंचा मन्टेश्वरी | ३४० | ३४० |
| ५. | वेष्ट मन्टेश्वरी | ३२० | ३२० |

स्रोत : स्थलगत भ्रमण, २०७५

माथिको तालिकामा छनोटमा परेका बालकक्षाहरूको भौतिक कक्षाकोठाको आकारको राखिएको छ । यस अध्ययनमा सबैभन्दा बढी ३६० र सबैभन्दा कम ३६० वर्गफिट देखियो भने औसत १४२ वर्गफिट रहेको छ । समग्रमा राम्रो नै रहेको छ ।

सरकारी मापदण्ड अनुसार नै रहेको पाइयो । बालबालिकाहरू अत्यधिक चापका कारण पढ्न, लेख्न, खेल्न नसक्ने अवस्था नरहेको पाइयो । सम्पूर्ण विद्यालयमा विद्यार्थीहरू सहज रूपमा खेल्न, बस्न पाउने अवस्था रहेको पाइयो ।

## बिजुली र फेन

नेपाल सरकारको मापदण्ड अनुसार एउटा कक्षा कोठामा कम्तिमा २ वटा फेन र बिजुली अनिवार्य हुनुपर्नेमा बिजुली र फेनको अवस्था अध्ययन गरिएको मन्टेश्वरी विधि भएका विद्यालयहरूमा राम्रै रहेको पाइयो। ५ ओटा मन्टेश्वरी विधि भएका विद्यालयहरुको अवलोकन गर्दा ४ वटा विद्यालयहरुमा १/१ वटा फेन भएको पाइयो भने १ वटा विद्यालयमा ए.सी. राखिएको पाइयो। त्यसमध्ये १ वटा विद्यालयमा बिजुलीको वैकल्पिक रूपमा इन्भटर रहेको देखियो। बिजुली अन्य सबै विद्यालयमा पाइयो।

## शौचालय

तोकिएको मापदण्ड अनुसार बालबालिका सुहाउदो शौचालयको व्यवस्था गर्नु पर्ने छ। शौचालय चिप्लो, अध्यारो नभएको र शौचालयमा मग, बाल्टिनमा पानी र साबुनपानीको व्यवस्था हुनका साथै शौचालय प्रयोग गरे पछि मिचिमिचि हात धुने कुराको सुनिश्चितता गर्नुपर्ने छ भने नेपाल सरकारको तोकिदिएकोमा अनुसन्धान गरिएको विद्यालयमध्ये ३ वटा विद्यालयमा मात्र मापदण्ड अनुसार संचालन गरिएको देखियो। बाँकी २ वटा विद्यालयमा न्यूनतम मापदण्ड नभएको पाइयो। मन्टेश्वरी केन्द्रहरू सञ्चालन गरेकामा प्लेग्रुपदेखि कक्षा २ सम्म सञ्चालन गरेको पाइयो। जसमा साना नानीहरूको लागि १ वटा विद्यालयमा मात्र भिन्नै शौचालय भएको पाइयो र अन्य मन्टेश्वरीहरूमा भिन्नै शौचालय नभएको पाइयो।

## फर्निचर सजावट

बालबालिकालाई भुँईको चिसो र फोहोर ले असर नगर्ने गरी बसाईको लागी गुन्द्री, नरम चकटी, कार्पेटको व्यवस्था हुनुपर्ने, न्युतम मापदण्ड र सिकाई क्षेत्र अनुसारको ६ वटा टेबल र ८ ईन्च उचाईको कुर्सी हुनु पर्ने भनी आदर्श मापदण्ड नेपाल सरकारले तोकेकोमा साना नानीहरूलाई मध्यनजर गरी सबै मन्टेश्वरी विधि भएका विद्यालयका कक्षाहरुमा फम सहित कार्पेटको व्यवस्था गरेको पाइयो। अन्य २ वटा विद्यालयमा वरिपरि बसेर पढ्न लेख्न सक्ने खालको टेबुलको व्यवस्था रहेको पाइयो। बस्ने कोठाको वातावरणले बालबालिकामा सकारात्मक प्रभाव पार्ने तथ्यलाई केन्द्रहरूले मनन गरी सजावट र रङ्ग रोगनमा ध्यान पुऱ्याएको पाइयो भने १ वटा विद्यालयमा भित्ते लेखन नभएको पाइयो। कक्षाकोठाहरूमा

नेपाली वर्णमाला, अङ्ग्रेजी वर्णमालाका चित्रहरू अन्य सातबारका नामहरू, बाह्र महिनाका नामहरू र अन्य जनावरहरूका नामहरू पनि चित्रमा कोरिएको पाइयो अर्थात कक्षाकोठामा सिकाइको वातावरण राम्रो रहेको पाइयो ।

### खेलमैदान र खेलसामग्री

बालबालिकालाई खेल्न उपयुक्त खेल सामग्रीहरुको व्यवस्था चिप्लेटी, टायरको टनेल, ढिकिच्याउ, पिङ, भऱ्याङ, बलहरु, स्किपिङ, जिगस हुनुपर्ने भनी नेपाल सरकारले न्यूनतम मापदण्ड तोकेकोमा स्थलगत भ्रमणमा साना बालबालिकाहरूका लागि छुट्टै खेलमैदान सुविधा नरहेको पाइयो। डा. मारिया मन्टेश्वरीको सिद्धान्तमा बालबालिकालाई स्वतन्त्र रूपमा खेल्न छोड्नुपर्दछ। समयको बन्धन हुनु हुँदैन र बालबालिकाहरूले आफ्ना क्रियाकलापहरू आफैँ गर्ने गर्दछन्, प्रयोगात्मक र शारीरिक अभ्यासहरू गर्ने, इन्द्रियहरूलाई निश्चित सामग्रीद्वारा अभ्यस्त गराउनुपर्ने भने तापनि यो मन्टेश्वरी कक्षाहरूमा भिन्दै खेल मैदानहरू नरहेको पाइयो ।

### पिउने पानी

प्रत्येक बालबालिकाका लागी पुग्दो सफा, शुद्ध र सुरक्षित पिउने पानी र सरसफाइको लागी थप आवश्यक पानीको व्यवस्था गरेको हुनुपर्नेमा यस अध्ययनको क्रममा सबै विद्यालयहरुमा खानेपानीको उपयुक्त व्यवस्था भएता पनि साना नानीहरुको लागि भिन्दै वा कक्षा भित्र खानेपानीको गाग्री राखेर दिइएको अवस्था भने देखिदैंन । सबै विद्यालयमा धाराको नै व्यवस्था देखिन्छ ।

### पर्खाल र गेटको अवस्था

चौरमा बालबालिकालाई चोटपटक नहुने गरी सुरक्षीत रुपमा घेराबारा गरिएको हुनु पर्ने मापदण्ड तोकिएकोमा अनुसन्धान गरिएको मन्टेश्वरी विद्यालयहरुमा साना बालबालिकाहरू विद्यालयबाट बाहिर जान्छन् भनेर पर्खाल र गेट सबै विद्यालयहरूमा लगाइएको देखियो। कुनै विद्यालयमा पक्की पर्खाल देखियो भने कुनै विद्यालयमा बासको टाटी बेरा र गेट पनि बाँसैको देखियो। १ वटा विद्यालयमा बालकक्षा र १ कक्षा गेटसहित भिन्नै रहेको पाइयो। १ वटा विद्यालयमा गेट पालेसहित देखियो भने अन्य विद्यालयमा नरहेको देखियो ।

**बाल बगैँचा**

शितलका लागी चौरमा रुख र राम्राका लागी फुलबारी बगैँचाको व्यवस्था भएको हुनुपर्नेमा अनुसन्धानरत ५ वटै विद्यालयहरुमा सोही मापदण्डअनुसारको व्यवस्था रहेको पाइयो । फ्रोबेलको सिद्धान्तमा पनि किन्डर गार्टेनमा बालक एक विरुवाका रूपमा र शिक्षक एक मालीका रूपमा हुन्छ । यस बाल बगैंचामा बालकले स्वक्रियाकलाप गर्दछ । क्रियाकलापको माध्यम खेल हुन्छ भनेर भने पनि कुनै पनि विद्यालयमा साना बालबालिकाहरूका लागि भिन्दै बाल बगैंचा रहेको पाइयो ।

## ४.१.२ मन्टेश्वरी शिक्षाको शैक्षिक अवस्था

यसमा सामुदायिक मन्टेश्वरी शिक्षाको बालकक्षा शिक्षकको अवस्था, शैक्षिक सामग्री, खेलसामग्री आदिको अवस्थालाई अध्ययन गरिएको छ ।

**बालकक्षा शिक्षकको अवस्था**

नेपाल सरकारबाट स्वीकृति प्राप्त पाठ्यक्रमलाई प्रभावकारी ढङ्गले कार्यान्वयन गरी समुदायका बालबालिकाहरूको चौतर्फी विकासमा सहयोग पुर्‍याउने जिम्मेवार व्यक्ति बालकक्षा शिक्षक नै हो । बालकक्षा शिक्षकको लिङ्ग, योग्यता, तालिम, अनुभव वर्ष र पारिश्रमिक तथा सुविधा जस्ता अवस्थाबाट बालकक्षामा गरिने क्रियाकलापहरू प्रभावित हुन्छन् र तिनै क्रियाकलापमा बालकक्षा आधारित हुन्छ । त्यसैले बालकक्षा शिक्षकको अवस्था सम्बन्धी सूचनालाई तल प्रस्तुत गरिएको छ ।

**बालकक्षा शिक्षकको लैङ्गिक अवस्था**

मोरङ जिल्ला सुन्दरहरैचा नगरपालिकाका ५ वटा मन्टेश्वरीको अध्ययन गर्दा विशेष गरेर महिलाहरूसँग बालबालिकाहरू सजिलैसँग घुलमिल भएर डर त्रास बिना स्वतन्त्र रूपमा अन्तक्रिया गर्ने हुँदा महिलालाई मन्टेश्वरी शिक्षकको रूपमा नियुक्ति गर्नु सकारात्मक पक्ष देखियो ।

**शैक्षिक योग्यता**

छनोटमा परेका विद्यालयहरूमा बालकक्षा शिक्षक ३७ जनामध्ये २५ जना स्नातक तह उत्तीर्ण, ८ जना प्रविणता तह उत्तीर्ण र ४ जना एस.एल.सी. उत्तीर्ण रहेको पाइयो भने ११ जना सुसारे रहेको पाइयो जसमध्ये ५ जना एस.एल.सि. पास ६ जना साधारण लेखपढ गरेका पाइयो ।

**तालिम**

नेपाल सरकारको मापदण्ड अनुसार कम्तीमा ९० घण्टाको आधारभुत तालिम प्राप्त गरेको वा १ महिनाको तालिम लिएको हुनुपर्नेमा छनोटमा परेका शिक्षकमध्ये १५ जनाले ३ महिने आधारभुत (३९० घण्टे) तालिम लिइएको पाइयो । १६ जनाले १५ दिने तालिम लिएको छन् र ६ जनाले बालशिक्षकले तालिम नलिएको पाइयो ।

**अनुभव**

अध्ययनको क्रममा नमुना छनोटमा परेका सबै शिक्षकहरूको अनुभव न्यूनतम १ वर्षदेखि ३ वर्षसम्म पाइयो । जुनसुकै विद्यालयमा पनि अनुभवलाई नै प्रभावकारी मानिन्छ । त्यसै अनुरूप यस शोधपत्रमा अध्ययन गरिएका विद्यालयहरूका मन्टेश्वरी शिक्षक अनुभवी नै रहेको पाइयो । यस क्षेत्रमा नै कम्तीमा ३ वर्ष देखि ५ वर्षसम्म कार्य गर्दै आएको छ ।

**शैक्षिक सामग्रीको अवस्था**

मन्टेश्वरीमा बालबालिकाहरूका लागि शैक्षिक सामग्री तथा खेलसामग्री कुनै विद्यालयमा सन्तोषजनक देखियो भने कुनै विद्यालयमा ज्यादै न्यून देखियो । विविध मनोरञ्जनात्मक शिक्षण सिकाइ क्रियाकलापको माध्यमद्वारा १ देखि ४ वर्ष उमेर समूहका सम्पूर्ण बालबालिकाहरूको सर्वाङ्गीण विकास गरी उनीहरूलाई प्राथमिक विद्यालयका लागि तयार गराउने (प्रारम्भिक बालविकास पाठ्यक्रम २०६२) । कुनै विद्यालयमा शैक्षिक सामग्री कक्षाकोठाको छेउमा रहेको पाइयो भने कुनै विद्यालयमा अर्को कोठामा रहेको पाइयो भने कुनै विद्यालयमा अर्को कोठामा थन्काइएको पाइयो । कक्षाकोठाभित्र, चिप्लेटी, घोडा, चाकाचुली आदि खेलौना सबै मन्टेश्वरीमा पाइयो ।

### ४.१.३ दिवाखाजा कार्यक्रम

मन्टेश्वरीमा बालबालिकाहरूलाई दिवाखाजाको व्यवस्था गरेको पाइयो । बालबालिकाहरूलाई दिउँसो १२ बजेदेखि १ बजेको बीचमा चना, चिउरा, मुरै, तरकारी, बिस्कुट, समोसा, थुक्पा आदि खाजाको रूपमा खुवाइने गरेको पाइयो ।

दिवाखाजा कार्यक्रम लागु गर्न हाम्रोजस्तो विकासोन्मुख देशमा सकारात्मक पक्ष हो । घरमा छाक टार्न धौ धौ पर्ने अभिभावकका बालबालिका विद्यालयमा पढ्न आउँदा विद्यालयले दिने दिवाखाजा कार्यक्रमले पनि धेरै मात्रामा सहयोग पुगेको छ । बालबालिकाहरूले विद्यालयमा खान दिन्छन् भनेर विद्यालयमा विद्यालयको नियमितामा पनि बृद्धि हुने देखिन्छ । साना बालबालिकाहरूको सर्वाङ्गीण विकास हुने उमेरका बालबालिकाहरूका लागि खाजाले केही मात्रामा उसको मानसिक, शारीरिक विकासमा सहयोग गर्दछ । दिवाखाजा कार्यक्रमले बालबालिकाको भर्ना दरमा सुधार ल्याएको, कक्षाबाट समय अगावै भाग्ने क्रम रोकिएको र अभिभावकलाई पनि खाजा लिएर विद्यालय जाने बाध्यता हटेको पाइयो । यसबाट दिवाखाजा कार्यक्रमको उद्देश्य पूरा भएको देखिन्छ । तर खाजाको गुणस्तरको नियमित अवलोकन गर्नु आवश्यक देखिन्छ । प्याभलभको सिद्धान्त अनुसार प्रेरणाले सिकाइमा ठूलो महत्त्व राखेको हुन्छ । यो सिद्धान्त यहाँ मेल खाएको छ । बालबालिकालाई दिवाखाजा कार्यक्रमले विद्यालय नियमित रूपमा आउन प्रेरित गरेको छ ।

## ४.२ मन्टेश्वरीको व्यवस्थापनले सिकाइमा पारेको प्रभाव

मन्टेश्वरीको व्यवस्थापनले सिकाइमा पारेको प्रभावको खोजी गर्ने सिलसिलामा बालबालिकाको औसत प्राप्ताङ्कको लेखाजोखा र कक्षा अवलोकनबाट बालबालिकाहरूको व्यवस्था र सीप विकासको अवलोकन गरिएको छ ।

### ४.२.१ मन्टेश्वरी शिक्षाले सिर्जनात्मक पक्षको विकास

बालबालिकाले अहिले सिकेको कुरा नै भविष्यको सिकाइको जग हुने भएकाले यस तहमा बालबालिकालाई 'सिक्नका लागि सिक्ने' अभिप्रायले मनोरञ्जनात्मक तरिकाले सिकाउनुपर्छ । बालविकास पाठ्यक्रमले खेल र वातावरणबाट अनुभवको माध्यमबाट बालबालिकामा अन्तर्निर्देशन क्षमताको अभिवृद्धि गराई उनीहरूलाई भविष्यमा असल जीवनयापन गर्न सक्षम

तुल्याउनु पर्छ। मन्टेश्वरी शिक्षा पाठ्यक्रमको मूल उद्देश्य विविध मनोरञ्जनात्मक शिक्षण सिकाइ क्रियाकलापको माध्यमद्वारा १ देखि ४ वर्ष उमेर समुहका सम्पूर्ण बालबालिकाहरूको सर्वाङ्गीण विकास गरी उनीहरूलाई आधारभूत विद्यालयका लागि तयार गराउने। उपर्युक्त मूल उद्देश्य प्राप्तिका लागि पाठ्यक्रमले अघि सारेका अन्य उद्देश्यहरूलाई आधार मानेर मन्टेश्वरी शिक्षाले बालबालिकाको सिकाइमा पारेको प्रभावको विश्लेषण गर्नु यस अनुसन्धानको एउटा उद्देश्य राखिएको छ।

यसका लागि नमुना छनोटमा परेका बालबालिकाहरूको कक्षाभित्र र बाहिरको क्रियाकलापको प्रत्यक्ष अवलोकन र प्रश्नावली मार्फत प्राप्त जानकारीलाई विश्लेषण गरिएको छ। कक्षाकोठा अवलोकन गरेर बालबालिकाहरूको सरसफाइ गर्ने बानीको विकसाको अवस्था सुरक्षा सम्बन्धी बानीको विकासको अवस्था, शिष्टाचार गर्ने बानीको विकासको अवस्था, प्राथमिक शिक्षाका लागि तयारी अवस्था, सामाजिक भावनाको विकासको अवस्था, सृजनात्मक विकासका अवस्थाको अवलोकनबाट प्राप्त सूचना र बालकक्षा शिक्षक, शिक्षक, अभिभावकबाट प्राप्त जानकारीको व्याख्या विश्लेषण गरिएको छ। अवलोकन गर्दा पाठ्यक्रमको आधारमा बालबालिकाहरूको सिप विकासको अवस्थालाई उत्तम, मध्यम र निम्न गरी तीन तहमा वर्गीकरण गरिएको छ। मन्टेश्वरी शिक्षा अध्ययन गरी आएका र सोझै कक्षा १ मा भर्ना हुन आएका बालबालिकाहरूको अवस्थालाई अलग-अलग तालिकामा प्रस्तुत गरिएको छ। बालबालिकाहरूको व्यवहार र सीपको अवलोकन गरी प्राप्त तथ्याङ्कलाई तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. ३ : मन्टेश्वरी शिक्षा अध्ययन गरी आएका बालबालिकाको व्यवहार र सीप विकासको अवस्था

| क.सं. | विषयवस्तु | बालकक्षा अध्ययन गरी आएका | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | उत्तम | % | मध्यम | % | निम्न | % |
| १. | सरसफाइ गर्ने बानीको विकास | १५ | ६०% | ८ | ३२% | २ | ८% |
| २. | सुरक्षा सम्बन्धी बानीको विकास | १५ | ६०% | ८ | ३२% | २ | ८% |
| ३. | शिष्टाचार गर्ने बानीको विकास | १८ | ७२% | ७ | २८% | | - |
| ४. | प्राथमिक शिक्षाका लागि तयारी अवस्था | १५ | ६०% | ७ | २८% | ३ | १२% |
| ५. | सामाजिक भावनाको विकास | १२ | ४८% | ८ | ३२% | ५ | २०% |
| ६. | सृजनात्मक विकास | १३ | ५२% | १० | ४०% | २ | ८% |

स्रोतः स्थलगत सर्भेक्षण, २०७५

नमुना छनोटमा परेका बालबालिकाहरूका लागि व्यवहार र सीपको अवलोकन गर्दा सरसफाई गर्ने बानीको विकास गर्नेहरूमध्ये ६०%, उत्तम भएको, ३६ प्रतिशत मध्यम र ८ प्रतिशत निम्न पाइयो । सुरक्षा सम्बन्धी बानीको विकासमा उत्तम ६० प्रतिशत, मध्यममा ३२ प्रतिशत र निम्नमा ८ प्रतिशत पाइयो । यस्तै शिष्टाचार गर्ने बानीको विकास ७२ प्रतिशत उत्तम र मध्यम २८ प्रतिशत पाइयो भने प्राथमिक शिक्षाका लागि तयारी अवस्था ६० प्रतिशत उत्तम भएको, २८ प्रतिशत मध्यम र १२ प्रतिशत निम्न पाइयो । सामाजिक भावनाको विकासमा ४८ प्रतिशत उत्तम भएको, ३२ प्रतिशत मध्यम र २० प्रतिशत निम्न पाइयो । त्यसैगरी सृजनात्मक विकासका लागि ५२ प्रतिशत उत्तम, ४० प्रतिशत मध्यम र ८ प्रतिशत निम्न पाइयो । उत्तमको तुलनामा निम्न नगन्य मात्रामा पाइयो ।

माथिको तालिकामा मन्टेश्वरी शिक्षा अध्ययन गर्ने बालबालिकाहरूको अध्ययन नगरी आउनेहरूको भन्दा पाठ्यक्रमले तोकेको व्यवहारिक सिप र विकासको अवस्था राम्रो रहेको पाइयो । यसमा सबैभन्दा उत्तममा बढी, मध्यममा सामान्य र न्युनमा नगण्य मात्रामा उत्तमको तुलनामा कम देखियो ।

यसै तालिकाबाट पनि के स्पष्ट हुन्छ भने यसयमा मारिया मन्टेश्वरीले भने जस्तै उनीहरूलाई सरसफाइ गर्ने बानीमा चप्पल फुकाएर ऱ्याकमा राख्ने बानीको विकास भइसकेको हुन्छ। कापी, कलम, किताब, व्यागमा राखेर सुरक्षाको विकास भइसकेको हुन्छ भने नमस्कार गरेर शिष्टाचारको विकास भइसकेको हुन्छ। प्राथमिक कक्षाका लागि विद्यालय आउने बानीको विकास भइसकेको हुन्छ।

सामाजिक भावनाका लागि साथीहरूसँग मिलेर बस्ने बानीको विकास भएको हुनाले उनीहरूको क्रमशः व्यवहारिक सिपको विकास यहाँ लागु भएको कारणले मन्टेश्वरीमा पनि यसै भनिएको छ। उनीहरूलाई समय, पुरस्कार र दण्डको बन्धक हुँदैन र प्रयोगात्मक र इन्द्रिय विधिद्वारा बानीको विकास गरिनुपर्दछ। त्यसैकारणले गर्दा मन्टेश्वरी विधि यहाँ लागु भएको छ।

तालिका नं. ४ : सोझै कक्षा १ मा अध्ययन गर्न आउने बालबालिकाको व्यवहार र सिप विकासको अवस्था

| क.सं. | विषयवस्तु | बालकक्षा अध्ययन गरी आएका | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | उत्तम | % | मध्यम | % | निम्न | % |
| १. | सरसफाइ गर्ने बानीको विकास | १० | ४०% | १० | ४०% | ५ | २४% |
| २. | सुरक्षा सम्बन्धी बानीको विकास | ८ | ३२% | १२ | ४८% | ५ | २०% |
| ३. | शिष्टाचार गर्ने बानीको विकास | ९ | ३६% | १२ | ४८% | ६ | २४% |
| ४. | प्राथमिक शिक्षाका लागि तयारी अवस्था | ७ | २८% | १३ | ५२% | ५ | २०% |
| ५. | सामाजिक भावनाको विकास | ८ | ३२% | १० | ४०% | ७ | २८% |
| ६. | सृजनात्मक विकास | ७ | २८% | १० | ४०% | ८ | ३२% |


स्रोतः स्थलगत सर्भेक्षण, २०७५

यस तालिकामा सोझै कक्षा १ मा भर्ना हुने बालबालिकाहरूको सरसफाइ गर्ने बानीको विकासमा उत्तममा हुने ४० प्रतिशत, मध्यममा ४० प्रतिशत र न्युनमा २० प्रतिशत रहेको पाइयो। सुरक्षा सम्बन्धी बानीको विकासकामा उत्तममा ३२ प्रतिशत, मध्यममा ४८ प्रतिशत, न्युनमा २० प्रतिशत पाइयो। शिष्टाचार गर्ने बानीको विकासमा उत्तम ३६

प्रतिशत, मध्यममा ४८ प्रतिशत, न्युनमा २४ प्रतिशत पाइयो भने प्राथमिक शिक्षाका लागि तयारीको अवस्थामा मध्यम ५२ सबैभन्दा बढी रहेको पाइयो भने सामाजिक भावनामा पनि मध्यमा नै बढी प्रतिशत पाइयो र सृजनात्मक विकासमा पनि उत्तममा २८ प्रतिशत, मध्यममा ४० प्रतिशत र न्युनमा ३२ प्रतिशत पाइयो। उत्तमभन्दा मध्यम बढी प्रतिशत यसमा पाइयो। तुलनात्मक अध्ययनलाई सहज बनाउन माथि प्राप्त तथ्याङ्कलाई तलको स्तम्भ चित्रमा एकै ठाउँमा प्रस्तुत गरिएको छ।

यस तालिकामा पाठ्यक्रमले तोकेको व्यवहारिक सिप र विकासको अवस्था उत्तमभन्दा न्युन बढी रहेको छ। वास्तवमा बालकक्षा अध्ययन नगर्नेहरूको व्यवहारिक सिप र विकास न्युन नै रहन्छ। बालबालिकाहरूलाई कुनै व्यवहारिक ज्ञान, सिप र विकास थाहा हुँदैन। त्यसको विकास पनि न्युन रहेको हुन्छ र विद्यालयमा उनीहरूको व्यवहार झगडालु प्रकारको रहेको पाइन्छ।


चित्र नं. १ : बालबालिकाको व्यवहार र सिप विकासको अवस्था (मन्टेश्वरी शिक्षा अध्ययन गरी आएका)




माथिको तालिका र स्तम्भचित्रको व्याख्या विश्लेषण गर्दा मन्टेश्वरी शिक्षाको अवसर प्राप्त गर्ने बालबालिकाहरूको व्यवहार र सिप विकास सोझै कक्षा १ मा पढ्न आउने बालबालिकाको भन्दा राम्रो देखिन्छ। प्रारम्भिक बालविकास पाठ्यक्रम २०६२ ले निर्दिष्ट

गरेका उद्देश्यहरू सरसफाई गर्ने बानीको विकास, सुरक्षा सम्बन्धी बानीको विकास, शिष्टाचार गर्ने बानीको विकास प्राथमिक शिक्षाका लागि तयारीको अवस्था, सामाजिक भावनाको विकास र सृजनात्मक विकास आदि सबै विधामा प्रारम्भिक बालविकास कार्यक्रम लिने बालबालिकाको तुलनामा नलिनेको भन्दा राम्रो देखिन्छ। मन्टेश्वरी शिक्षामा रहँदादेखि नै एक अर्कालाई सहयोग गर्ने, समुहमा मिलेर बस्ने, सामुहिक रूपमा खेल्ने गर्दै आएका कारण कक्षा १ मा पनि उनीहरूमा ती गुणहरू रहँदै आएका छन् ।

चित्र नं. २ : सोझै कक्षा १ मा अध्ययन गर्न आउने बालबालिका




मन्टेश्वरी शिक्षाका शिक्षकहरूले मन्टेश्वरी शिक्षा अध्ययन गरी आएका बालबालिका सोझै कक्षा १ मा अध्ययन गर्न आउनेको तुलनामा राम्रो रहेका छन् भन्ने बताउनु हुन्छ। मन्टेश्वरी शिक्षा अध्ययन गरी आउने बालबालिकाहरू कक्षा १ मा विद्यार्थीहरू अनुशासित, मिलेर बस्ने, पढाइमा ध्यान दिने, सिकाइएको कुरा चाँडो बुझ्ने, सृजनात्मक कार्यमा अग्रसर रहने तर सोझै आउनेहरू विद्यार्थी बस्न मन नगर्ने, साथीहरूसँग झगडा गर्ने, भनेको नमान्ने, गृहकार्य, कक्षाकार्य नगर्ने कुरा बालकक्षा शिक्षकले बताउनु भयो ।

Kofene को सिद्धान्तले सिकारुमा राम्रा बानीको विकास गरी नराम्रा बानीलाई हटाउने विषयमा प्रभावकारी भएको परिप्रेक्ष्यमा यस अनुसन्धानलाई सोही ढाँचामा केन्द्रित गर्नु सान्दर्भिक भएको छ। अर्थात् सो सिद्धान्त यहाँ मेल खाएको छ। प्रारम्भिक बालविकास कार्यक्रमले बालबालिकामा राम्रा राम्रा बानीहरूको विकासमा सहयोग गरेको छ। साना उमेरका नानीहरूलाई राम्रो बानीको विकास गर्न विभिन्न प्रेरणा र पुनर्वलहरू प्रदान गरिएको हुन्छ र त्यसले उनीहरूको भावी जीवनमा समेत सकारात्मक प्रभाव छोड्ने गर्दछ।

समग्रमा भन्दा मन्टेश्वरी शिक्षा अध्ययन गरी आएका बालबालिका सोझै आएका बालबालिकाको भन्दा उपलब्धि स्तर राम्रो देखिन्छ।

### ४.४ मन्टेश्वरी शिक्षा सञ्चालनमा देखापरेका समस्याहरू

विविध किसिमका मनोरञ्जनात्मक शिक्षण सिकाइ क्रियाकलापको माध्यमद्वारा १ देखि ४ वर्ष उमेर समुहका सम्पूर्ण बालबालिकाहरूको सर्वाङ्गीण विकास गरी उनीहरूलाई प्राथमिक विद्यालयका लागि तयार गराउने मूल उद्देश्य प्राप्तिका लागि बालबालिकाहरूमा सामाजिक, बौद्धिक, शारीरिक, संवेगात्मक, नैतिक र सिर्जनात्मक पक्षको विकास गरी राष्ट्रका कर्णधार बालबालिकाहरूको हकहित संरक्षण एवम् अधिकारको सम्बर्द्धन गर्न तथा वातावरणीय सामञ्जस्य कायम गर्दै बाँच्नका लागि सामाजिक रूपमा घुलमिल हुने, आधारभूत सिपको विकास गर्ने उद्देश्यले सञ्चालन गरिएको प्रारम्भिक बालविकास कार्यक्रम बालबालिकाको सर्वाङ्गीण विकासका लागि निकै उपयोगी देखियो। यद्यपि यो कार्यक्रम सञ्चालन गर्न त्यति सजिलो छैन। छनोटमा परेका विद्यालयहरूले विभिन्न समस्याहरूसँग सङ्घर्ष गर्दै यो कार्यक्रम सञ्चालन गरेको पाइयो।

मन्टेश्वरी शिक्षाको भौतिक अवस्था पत्ता लगाउन विद्यालयमा सञ्चालित मन्टेश्वरी शिक्षा कक्षाहरूको वास्तविकता अध्ययन गरियो। कार्यक्रम जतिसुकै राम्रो भए तापनि त्यसको सही तरिकाले कार्यान्वयन हुन सकेन भने त्यो असफल हुन जान्छ। सही कार्यान्वयनका लागि आवश्यक भौतिक पूर्वाधारहरूको विकास हुनु आवश्यक छ। अध्ययनको क्रममा बालकक्षा शिक्षक, प्रधानाध्यापक, शिक्षक, अभिभावकहरूसँगको छलफल तथा स्थलगत अवलोकनबाट प्राप्त सूचनाका आधारमा कार्यक्रम सञ्चालनमा देखापरेका समस्याहरूलाई निम्नअनुसार उल्लेख गरिएको छ।

### पूर्ण बालमैत्री कक्षाकोठाको अभाव

छनोटमा परेका विद्यालयहरूलाई समग्र रूपमा अध्ययन गर्दा छुट्टै बालशिक्षाको भवन छैन। विद्यालयसँग गाभिएका कक्षाकोठा रहेको छ। कक्षाकोठा पनि पूर्ण रूपमा बालमैत्री नभएको पाइयो। यस्ता भवन तथा कक्षाकोठा बालविकास कार्यक्रम सञ्चालन गर्ने उद्देश्यले निर्माण नभएको हुँदा पूर्ण रूपमा बालमैत्री छैनन्।

### उपयुक्त फर्निचरको अभाव

बालविकास कक्षामा धेरै मात्रामा कार्पेट बिच्छ्याइएको र कुनैमा सानो-सानो चट्टी ओच्छयाइएको पाइयो तर कुनै मन्टेश्वरी शिक्षामा होचो टेबल राखिएको पाइयो भने कुनैमा भएर पनि प्रयोग नगरिएको पाइयो। नभएको ठाउँमा उमेर अनुसार फर्निचरको व्यवस्था गरी सिकाइलाई थप सहज र मनोरञ्जनात्मक बनाउन सकिन्छ।

### खेल मैदान र बगैंचाहरूको समस्या

अध्ययनका लागि छनोट गरिएका मन्टेश्वरी केन्द्रको प्रायः छुट्टै खेलमैदान नभएको पाइयो। १ वटा विद्यालयमा मात्र भिन्दै खेल मैदान पाइयो भने अन्त्यमा नभएको पाइयो। बाल बगैंचा त झन कुनै विद्यालयमा नभएको पाइयो। मण्टेश्वरीका अनुसार बालबालिकाहरूलाई माटो, ढुङ्गोको सामानद्वारा बाल बगैंचामा खेल विधिद्वारा सिकाइ गरेर विद्यार्थीलाई अध्ययन गराउने भन्ने सिद्धान्त अनुसार अध्ययन नभएको पाइयो। विद्यालयमा वरिपरि बार भए पनि गेट नलगाएको अवस्थामा बालबालिका गेटबाट बाहिर निस्केर घर पुगेको पाइयो।

### शैक्षिक सामग्रीको अपर्याप्तता

कुनै बाल विकास केन्द्रमा अन्य संघसंस्थाले दिइएको कुनैमा विद्यालयले खरिद गरेका र बालकक्षा शिक्षकले न्युन मात्रामा सङ्कलन गरेका शैक्षिक सामग्री विद्यालयमा भए तापनि कुनै विद्यालयहरूले अन्य विद्यालयभन्दा कुनै कक्षामा मात्र थुपारेर, दराजमा लुकाएर राखेको पाइयो। प्रयोगमा ध्यान नदिएको पाइयो। विद्यालयमा भएका सामग्री प्रयोग गराउन अनुगमन कम भएको अवस्था देखिन्छ। कुनै विद्यालयमा शैक्षिक सामग्री नै धेरै छन् तर

बालकक्षा शिक्षक थोरै भएकोले गर्दा चाहेर पनि धेरै काम गर्न नसकेको बालकक्षा शिक्षकको मत पाइयो ।

**न्यून खेल सामग्री**

छनोटमा परेका मन्टेश्वरी शिक्षामा पर्याप्त मात्रामा खेल सामग्री न्यून रहेको पाइयो । २ वटा विद्यालयमा भने सन्तोषजनक रहेको छ। थोरै सामग्रीको प्रयोगबाट बालबालिकालाई खेलाउन धेरै समय पर्खिनुपर्ने कुरा शिक्षक तथा बालकक्षा शिक्षकको मत रहेको पाइयो ।

**अभिभावक शिक्षाको अभाव**

प्रारम्भिक मन्टेश्वरी शिक्षा कार्यक्रम सम्बन्धी निर्देशिकाले परिच्छेद ३ मा प्रारम्भिक बालविकास उमेरका बालबालिकाका अभिभावकहरूलाई लक्षित गरी सम्बन्धित निकायले आ-आफ्नो कार्यक्षेत्रभित्र अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्था उल्लेख गरेको छ। यस अध्ययनको क्रममा सम्बन्धित अभिभावकहरू, प्रधानाध्यापकहरूबाट प्राप्त जानकारी अनुसार कुनै पनि निकायले अभिभावक शिक्षक सञ्चालन गरेका छैनन् । फलस्वरूप अभिभावकहरू आफ्नो कर्तव्य, अधिकार, दायित्वबोधबाट बञ्चित हुनुपरेको यथार्थ छ। उनीहरूमध्ये धेरैजसो बालबालिका बालकक्षाको साटो कक्षा एकदेखि मात्र विद्यालयमा भर्ना गर्ने गरेका छन् । ४ र ५ वर्षका बालबालिकाहरूलाई विद्यालय भर्ना नगरी खेलेर घर बसेको अवस्था रहेको छ ।

**अङ्ग्रेजी शिक्षाको बढ्दो आकर्षण**

अहिले मन्टेश्वरी शिक्षाबाटै अङ्ग्रेजी शिक्षा सुरु गरिएको पाइन्छ किनभने धेरैजसो अभिभावकहरू अङ्ग्रेजी भाषाप्रतिको आकर्षणले गर्दा आफ्ना नानीहरूलाई महङ्गो शुल्क तिरेर भए पनि निजी विद्यालयमा पढाउन बाध्य छन् भने अर्कोतर्फ हाम्रा विद्यालयहरूलाई विद्यार्थीको अभाव भएको पाइयो ।

**बालकक्षा शिक्षकलाई तालिमको अपर्याप्तता**

शिक्षकलाई तालिमको आवश्यकता अनिवार्य पर्दछ। कलिला बालबालिकाहरूको मनोविज्ञान भावना बुझेर शिक्षण गर्दा मात्र बालबालिका सिकाइ अर्थपूर्ण हुन्छ। केही बालकक्षा

शिक्षकले मात्र आधारभूत तालिम लिएको पाइयो। अन्यले नेपाल सरकारले तालिम नदिएको बताएका छन्। नयाँ नियुक्ति शिक्षकलाई पनि बीचबीचमा पुनर्ताजगी तालिमहरूको व्यवस्था हुनुपर्ने कुरामा सम्बन्धित सबै पक्षहरूको एकै मत देखिन्छ।

**निरीक्षण, सुपरिवेक्षण तथा मूल्याङ्कन र अनुगमनमा उदासिनता**

मन्टेश्वरी शिक्षा बालबालिकाहरूको चौतर्फी विकासको लागि सञ्चालन गरिने क्रियाकलापहरू कति प्रभावकारी भएका छन् छैनन् बालकक्षा शिक्षक नियमित उपस्थिति छन् छैनन्। पाठ्यक्रम बमोजिम उद्देश्य पूर्ति भएका छन् छैनन्। क्रियाकलाप शिक्षण सिकाई सञ्चालन भएका छन् छैनन्, ती क्रियाकलाप सञ्चालन गर्न के कस्ता कठिनाइहरूको सामना गर्नु परेको छ। त्यसलाई कसरी सुधार गर्न सकिन्छ। भौतिक अवस्था उपयुक्त छ छैन, शैक्षिक सामग्रीको अवस्था, प्रयोग कस्तो छ भन्ने सम्बन्धमा सम्बन्धित निकायले निरीक्षण सुपरिवेक्षण तथा मूल्याङ्कन र अनुगमन गरी कार्यक्रमको प्रभावकारिता अभिवृद्धि गर्न खासै ध्यान पुऱ्याएको देखिँदैन।

**आर्थिक अभाव**

प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालनमा आर्थिक अभाव एक टड्कारो समस्याको रूपमा उभिएको छ। बालकक्षा शिक्षकको पारिश्रमिक वापत रु. ६०००।- प्रतिमहिना र प्रतिविद्यार्थी रु. ५००।- का दरले मसलन्द खर्च, खेल सामग्री वापत आउने गरेको स्रोत व्यक्तिका अनुसार उक्त अनुदान कम भएको बताएका छन्। मन्टेश्वरी शिक्षालाई कुनै बेला कुनै संघ संस्थाले शैक्षिक सामग्री दिए पनि त्यो पर्याप्त नभएको बताएका छन्। बाल विकास केन्द्रमा आउने बालबालिकाहरू खेल्ने उमेरका हुन्छन् र उनीहरूलाई सिकाइने सिपहरू पनि खेलकै माध्यमबाट सिकाउनुपर्नेमा सोको लागि आर्थिक व्यवस्थापन हुन सकेको छैन।

साना बालबालिकाहरूको मनोभावना बुझेर अध्यापन गराउने बालकक्षा शिक्षकलाई आवश्यक तालिमको व्यवस्था मिलाउन सम्बन्धित निकायले अहम् भूमिका खेल्नु पर्दछ। साथै कक्षा सञ्चालनका लागि आवश्यक भौतिक पूर्वाधार तयार गर्न राज्यका साथै स्थानीय समुदायको अग्रणी भूमिका रहनु पर्दछ।

मन्टेश्वरी केन्द्रका शिक्षकलाई आफ्नो कार्य दक्षता अभिवृद्धि गर्न सकारात्मक पुनर्बलको आवश्यकता देखिन्छ। प्याभलभको सिद्धान्त अनुसार पुनर्बलले सिकाइको वातावरण तयार गर्ने र सिकाइलाई दिगो बनाउने गर्दछ। समयअनुसार बालकक्षा शिक्षकको पारिश्रमिक बढाउनुपर्ने देखिन्छ। यो सकारात्मक पुनर्बल हो। यसले शिक्षण सिकाइ क्रियाकलापमा सकारात्मक भूमिका निर्वाह गर्दछ। मण्टेश्वरी र किण्डर गार्टेन सिद्धान्तअनुसार शिक्षण सिकाइ नभएको देखिन्छ। यसका लागि सही व्यवस्थापन हुनुपर्दछ र बजेटको पनि व्यवस्थापन राम्रो हुनुपर्दछ। मन्टेश्वरी शिक्षा सञ्चालनमा देखापरेका समस्यालाई हेर्दा वास्तविकता र सिद्धान्तबीच मेल नखाएको देखिन्छ।

# परिच्छेद पाँच : निष्कर्ष र सुझावहरू

## ५.१ निष्कर्ष

मन्टेश्वरी सिकाइ विधिअन्तर्गत प्रयोगशालामा राखेर प्रयोगात्मक अभ्यास गराउने, विभिन्न खेलहरूबाट स्मरण शक्ति बढाउने, जुन पाठको बारेमा पढाइँदैछ त्यससँग सम्बन्धित स्थलगत अवलोकनमार्फत् सम्बन्धित विषय वा स्थानको ज्ञान दिने गरिन्छ । उदाहरणका लागि जनावरहरूका बारेमा पढाउँदा चिडियाघरमा भ्रमण गराउने, जुन वस्तुको बारेमा पढाइँदैछ त्यस वस्तुलाई नै कक्षा कोठामा ल्याएर देखाउने मुभी कक्षाहरु गराउने आर्ट एन्ड क्राफ्ट आदिबाट विषयवस्तु सिकाउने आदि गरिन्छ । प्रयोगात्मक एवं व्यवहारिक सिकाइबाट बालबालिकामा क्षमताको विकास हुने, स्मरण शक्ति बढ्ने, पढाएको कुरा राम्ररी बुझ्ने, आत्मविश्वास बढ्ने, भ्रमको निराकरण हुने, सकारात्मक सोच अभिबृद्धि हुने, सिर्जनशीलता बढ्ने चुनौतीको सामना गर्न सक्ने जस्ता सीप एवं क्षमता हासिल हुन्छ भनी मन्टेश्वरी सिद्धान्तले उल्लेख गरेको छ ।

मन्टेश्वरी सिकाइ प्रणाली अबलम्बन गर्ने विद्यालयबाट प्राप्त हुने शिक्षा एक चेतनशील मानिसका लागि ज्यादै उपयोगी हुन्छ तर मन्टेश्वरी नाम राखेर खुलेका सबै विद्यालयहरूबाट उल्लिखित व्यवहारिक शिक्षा एवं ज्ञान प्राप्त हुन्छ भन्ने छैन । मूल कुरा त त्यो विद्यालयले मन्टेश्वरी सिकाइ विधिलाई बुझेको छ कि छैन, त्यसलाई व्यवहारमा कसरी अबलम्बन गरिरहेको छ, त्यहाँका शिक्षकहरूले मन्टेश्वरी सिकाइ प्रक्रियाका बारेमा दक्षता हासिल गरेका छन् कि छैनन् भन्ने हो । कुनै पनि मन्टेश्वरी नामको विद्यालयमा आफ्ना नानीहरूलाई राख्नुअघि सम्बन्धित अभिभावकले यी कुरामा ध्यान पुऱ्याउन आवश्यक हुन्छ ।

मन्टेश्वरी शिक्षालाई किण्डर गार्डन र मण्टेश्वरी विधिद्वारा शिक्षण गर्नुपर्नेमा अन्य कक्षा सरह शिक्षण गरिएको अवस्था पाइयो । बालकक्षा शिक्षकहरूलाई बीचबीचमा पुनर्ताजकी तालिमको आवश्यकता र नयाँ शिक्षकलाई सेवामा प्रवेश तालिमको आवश्यकता देखियो । भविष्यका कर्णधार यी साना कलिला बालबालिका हुनुपर्नेमा सम्पूर्ण स्तरबाट अवलोकन, निरीक्षण र अनुगमनको अभाव रहेको पाइयो ।

विद्यालयमा आइहाले पनि अन्य माथिल्लो कक्षामा अनुगमन गरी तल्लो बाल कक्षामा त्यति वास्ता नगरिएको अवस्था पाइयो । दिवाखाजा कार्यक्रम सकारात्मक पक्ष देखिए पनि यसको गुणस्तरमा सबैको ध्यान जान नसकेको अवस्था देखियो ।

बालकक्षा शिक्षकको पारिश्रमिक अन्य शिक्षकको तुलनामा ज्यादै कम पाइयो । नेपाल सरकारले बाल कक्षा शिक्षकलाई आफ्नो दैनिक गुजारा चलाउन पनि नसकिने पारिश्रमिक दिएको पाइयो ।

मन्टेश्वरी शिक्षा अध्ययन गरी आएका बालबालिकाको औसत उपस्थिति दर सोझै कक्षा १ मा अध्ययन गर्ने बालबालिकाको तुलनामा धेरै रहेको छ । त्यसै कारणले सम्पूर्ण विद्यालय उमेर पुगेका बालबालिकाहरूलाई मन्टेश्वरी शिक्षा अनिवार्य भर्ना गर्न सम्पूर्ण सरोकारवालालाई ध्यान पुगोस् र विद्यालयमा अनिवार्य भर्ना गर्नुपर्दछ र यसले आधारभूत शिक्षामा नियमितता गराउन सहयोग पुग्नेछ ।

मन्टेश्वरी शिक्षा अध्ययन गरी आएका बालबालिकाको तुलनामा सोझै कक्षा १ मा भर्ना हुन आउने बालबालिकाको औसत प्राप्ताङ्क बढी रहेको छ । कुनै-कुनै बालबालिकाको परिवार शिक्षित भएकाहरूको सोझै कक्षा १ मा भर्ना भए पनि अवस्था राम्रो देखिन्छ । तर समग्रमा मन्टेश्वरी शिक्षा भर्ना भएका बालबालिकाको औसत प्राप्ताङ्क बढी देखिन्छ ।

मन्टेश्वरी शिक्षाले आधारभूत तहका शिक्षामा विद्यार्थीहरूको सिकाइमा प्रत्यक्ष प्रभाव छोड्ने हुनाले सिकाइको आधार तयार पार्नका लागि सबै बालबालिकाहरूलाई मन्टेश्वरी शिक्षाको अवसर प्रदान गर्नुपर्दछ ।

मन्टेश्वरी शिक्षाको पाठ्यक्रमले तोकेको उद्देश्य पूरा गर्न बालकक्षा अध्ययन गरी आएका बालबालिकाको सोझै कक्षा १ मा भर्ना भएका बालबालिकाको भन्दा उच्च देखिन्छ, जस्तैः सरसफाइ गर्ने बानीको विकास, सुरक्षा सम्बन्धी बानीको विकास शिष्टाचार गर्ने बानीको विकास र सामाजिक भावनाको विकास आदि राम्रो देखिन्छ । यसको अतिरिक्त अन्य कार्यमा पनि राम्रो देखिन्छ ।

अन्त्यमा मन्टेश्वरी शिक्षालाई भिन्नै भौतिक भवनको निर्माण गरी मण्टेश्वरी प्राणीद्वारा शिक्षण गर्नुपर्ने अवस्थामा अन्य कक्षा सरह लिने मानसिकताले प्रश्रय पाइरहेको छ । यो

अत्यन्त त्रुटिपूर्ण छ। यसलाई संवेदनशील विषयको रूपमा लिएर बालमनोविज्ञानका आधारमा अवस्थाको विश्लेषण गरी उनीहरूका बीचमा क्रियाकलाप सञ्चालन गर्ने गराउने वातावरणको सिर्जना गर्नुपर्दछ ।

## ५.२ सुझावहरू

मन्टेश्वरी शिक्षाको वर्तमान व्यवस्थापन र यसले सिकाइमा पारेको प्रभाव सम्बन्धी गरिएको यस अध्ययनबाट प्राप्त निष्कर्ष र परिणामलाई विश्लेषण गर्दा मन्टेश्वरी शिक्षालाई अझ बढी सशक्त बनाउन निम्न बमोजिमको सुझावहरू प्रस्तुत गरिएको छ। यसले आगामी दिनमा नीति निर्माण, योजनाकार, सरोकारवालालाई समेत सहयोग पुग्ने आशा गरेको छु ।

### ५.२.१ नीतिगत तह

मन्टेश्वरी शिक्षा व्यवस्थापनको विकास र बिस्तारमा व्यापक जोड दिनुपर्ने देखिन्छ। मन्टेश्वरी शिक्षा व्यवस्थापनमा जोड दिए। राष्ट्रिय उद्देश्य केही हदसम्म पूरा हुने थियो। मन्टेश्वरी शिक्षा सञ्चालन गर्न प्रत्येक विद्यालयमा एक बालमैत्री भवनको लागि सरकारी अनुदानको नीति बनाउनु पर्दछ। भवन खेल सामग्री, बालमैत्री शिक्षा उपलब्ध हुन सके विद्यार्थी प्रशस्त उपस्थिति हुने थियो ।

मन्टेश्वरी शिक्षाको बाल शिक्षकलाई समय सापेक्ष पारिश्रमिक उपलब्ध गराउने हो भने बालकक्षा शिक्षकको पनि आत्मबल मनोबल वृद्धि भई अध्यापनमा मेहनत हुने थियो। बीचबीचमा अनुगमन, सुपरिवेक्षण हुनुपर्ने हुन्छ। शैक्षिक सामग्री खरिद गर्ने सरकारी अनुदान वृद्धि गर्नुपर्ने हुन्छ ।

बालकक्षा शिक्षकलाई बीचबीचमा पुनर्ताजकी तालिम दिनुपर्ने र नयाँ सेवामा प्रवेश गर्नेका लागि सेवाकालीन तालिम दिनुपर्ने देखिन्छ। दिवाखाजा कार्यक्रमलाई अझ प्रभावकारी बनाउन अनुदान रकममा वृद्धि गर्दा राम्रो हुने देखिन्छ। विद्यालयमा मन्टेश्वरी शिक्षा सरकारी स्तरबाट नै हुनुपर्ने देखिन्छ । हाल सम्पन्न परिवारका बालबालिका पढ्ने र गरिब परिवारका बालबालिका पढ्ने फरक देखिन्छ ।

समुदायका सम्पूर्ण अभिभावकलाई साक्षरता शिक्षा प्रदान गरी विद्यायय उमेर समुहका बालबालिकाहरूलाई विद्यालयमा भर्ना गराउन प्रेरित गर्ने नीति अपनाउनु पर्छ :

- नेपाल सरकारले शिक्षा ऐन र र नियमावलीमा नै मन्टेश्वरी शिक्षा सञ्चालनको नीति नियम बनाई अनिवार्य रूपमा लागू गर्ने/गराउने ।
- समय सापेक्ष बालकक्षा शिक्षकको पारिश्रमिक सेवा सुविधा, भत्ता आदिको शिक्षा नियमावलीमा नै उल्लेख गर्ने नीति लिनुपर्दछ ।
- जिल्ला शिक्षा कार्यालयको मातहतका तालिम केन्द्र मार्फत बालकक्ष शिक्षक समय समयमा तालिम दिने र अभिभावकलाई अभिमुखीकरण चेतना वृद्धि गर्ने नीति बनाउनु पर्दछ ।
- विद्यालयमा बालकक्षा शिक्षाबाटै अनिवार्य अङ्ग्रेजी शिक्षा लागु गर्ने नीति अबलम्बन गर्नुपर्दछ ।
- दिवाखाजा कार्यक्रम, शैक्षिक सामग्री र मसलन्द स्वरूप प्राप्त हुने रकम वृद्धि गर्नका लागि आवश्यक स्रोत जुटाउनु पर्नेछ ।
- बालकक्षा शिक्षणको क्रममा स्थानीय स्तरमा नै एउटा अनुगमन टोली निर्माण गरी स्रोतकेन्द्र स्तरका सम्पूर्ण विद्यालयको अनुगमन गर्ने नीति निर्माण गर्नुपर्छ ।

### ५.२.२ कार्यान्वयन तह

कार्यालयको कार्यान्वयन पक्ष राम्रो भयो भने कार्यक्रम सफल हुन्छ । जुनसुकै कार्यक्रम जतिसुकै राम्रो नीति निर्माण गरे तापनि कार्यान्वयन तहमा त्यसको सही कार्यान्वयन गरिएन भने सो कार्यक्रम असफल हुन जान्छ । त्यसैले प्रारम्भिक बालविकास कार्यक्रमको उपलब्धि स्तर वृद्धि गर्न यसको कार्यान्वयन गर्ने निकायहरू बढी जिम्मेवार हुनुपर्दछ । यसका लागि सुझावहरू निम्नअनुसार प्रस्तुत गरिएको छ ।

मन्टेश्वरी शिक्षाका लागि स्थानीय तहमा नै अनुगमन टोली निर्माण गरी अनुगमन र निरीक्षणमा परिचालन गर्नुपर्दछ । मन्टेश्वरीको भौतिक संरचना निर्माण गर्नका लागि भौतिक पूर्वाधारको विकासका लागि स्थानीय निकायलाई नै संलग्न गराउनु पर्दछ । मन्टेश्वरी शिक्षाको दिवाखाजा कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गर्नका लागि खानाको

गुणस्तरको नियमित अनुगमन गर्न स्थानीय निकायको संलग्नता भएमा प्रभावकारी हुन्छ। विद्यालयले पनि अङ्ग्रेजी शिक्षाको महत्वलाई बुझी स्थानीय स्तरमा नै स्रोत र साधन सङ्कलन गरी विद्यालय स्तरको मन्टेश्वरी शिक्षाबाटै अङ्ग्रेजी माध्यमद्वारा पठन पाठन हुने व्यवस्था मिलाउनु पर्दछ। मन्टेश्वरी शिक्षामा देखिएका भौतिक तथा शैक्षिक समस्यालाई निराकरण गराउन अनुगमन र सुपरिवेक्षण नियमित रूपमा गराउनु पर्दछ। समय-समयमा विद्यालयले पनि अभिभावक भेला गराइ राख्नु पर्नेछ :

- गाउँ/नगर परिषद्बाट अनुमोदन गराई मन्टेश्वरी शिक्षाको अनुगमन र निरक्षण गर्ने नीति निर्माण गर्नु पर्दछ।
- स्रोतकेन्द्रबाट समय समयमा मन्टेश्वरी शिक्षाको अनुगमन निरीक्षण गरी शिक्षण सुधार गर्नुपर्दछ।
- जिल्ला शिक्षा कार्यालयबाट निरक्षण टोली विद्यालयमा गई मन्टेश्वरी शिक्षाको कक्षाकोठा अवलोकन गर्नुपर्दछ।
- गाउँपालिका/नगरपालिकाबाट केही अंश मन्टेश्वरी शिक्षालाई छुट्याउने नीति अबलम्बन गरेमा भौतिक पूर्वाधार, शैक्षिक क्षेत्रमा पनि सुधार हुने हुन्छ।
- गाउँपालिका/नगरपालिकाले अभिभावकलाई चेतनामूलक कार्यक्रमको नीति अबलम्बन गर्नुपर्दछ।
- अङ्ग्रेजी शिक्षा लागु भए पनि त्यति प्रभावकारी नभएकाले यथाशीघ्र कमी कमजोरी हटाई साधन स्रोत जुटाई प्रभावकारी शिक्षा लागु गर्ने नीति अबलम्बन गर्नुपर्दछ।
- विद्यालय व्यवस्थपन समितिले पनि अनुगमनलाई निरन्तरता दिइनु पर्दछ। दिवाखाजा कार्यक्रमको गुणस्तरमा अवलोकन गर्नुपर्ने नीति बनाउनु पर्दछ।

### ५.२.३ अनुसन्धान तह

मन्टेश्वरी शिक्षाको वर्तमान अवस्था, भौतिक अवस्था र यसले सिकाइमा पारेको प्रभाव, देखापरेका समस्या र समाधानका उपायका सम्बन्धमा गरिएको यस खोज अन्य अनुसन्धानकर्ताहरूका लागि मार्ग निर्देशन बन्न सक्ने भए तापनि यस विषयमा अझ गहन अध्ययन अनुसन्धान गर्न सकिने छ।

विद्यालयको भौतिक तह बालमैत्री कक्षाकोठा भवनको निर्माण हुनुपर्ने, वर्तमान अवस्थालाई सूक्ष्म रूपमा अध्ययन गरी समस्याहरूको उजागर गर्न सकिने छ। मन्टेश्वरी शिक्षाले शैक्षिक उपलब्धिमा भएको सकारात्मक पक्षको अनुसन्धान गर्न। बालबालिकाहरूलाई सामुदायिक मन्टेश्वरी शिक्षामा अध्यापन गराउनका लागि उपायहरू पहिल्याउन सकिन्छ।

मन्टेश्वरी शिक्षाको कक्षाकोठाको व्यवस्थापनले सिकाइमा पारेको प्रभावको बारेमा शोध गर्न सकिन्छ। मन्टेश्वरी शिक्षालाई विद्यालय संरचनामा ल्याउँदा आउने बृहत्तर प्रभावको लेखाजोखा गर्न सकिन्छ। अनुसन्धानकर्तालाई निम्नअनुसारका विषयमा अनुसन्धान गर्न यो मेरो शोधपत्र स्रोत सामग्री बन्न सक्नेछ।

मन्टेश्वरी केन्द्रको सञ्चालन, मन्टेश्वरी केन्द्रको अवसर र चुनौती, बालकक्षा शिक्षकको तालिमको प्रभाव, दिवाखाजा कार्यक्रमले विद्यार्थीको नियमितता, दिवाखाजा कार्यक्रमले विद्यार्थीको सिकाइ उपलब्धि, मन्टेश्वरी शिक्षा कार्यक्रममा बालकक्षा शिक्षकको भूमिका, मन्टेश्वरी शिक्षामा भौतिक व्यवस्थापनले सिकाइमा पारेको प्रभाव, मन्टेश्वरी शिक्षाका चुनौतीहरू, बालकक्षा अध्ययनका सकारात्मक पक्षहरू, बालकक्षामा बालबालिकाको उमेर, समूह, बाल कक्षा व्यवस्थापनले सिकाइमा पारेको प्रभाव, बालकक्षाका बालबालिकाहरूको सिकाइ उपलब्धि, बालकक्षा शिक्षामा अनुगमन सुपरिवेक्षण आदि विषयमा खोज अनुसन्धान गर्नका लागि यो शोधपत्र केही हदसम्म भए पनि सहयोगी सामग्री बन्ने अपेक्षा गर्नेछ।

## सन्दर्भ ग्रन्थ सूची


अधिकारी, विष्णुप्रसाद (२०७१), *प्राथमिक शिक्षक (कक्षा १(५) परीक्षा दिग्दर्शन,* काठमाडौँ: आशिस बुक्स हाउस ।

खनाल, पेशल (२०६२), *शैक्षिक अनुसन्धान पद्धति,* काठमाडौँ: कीर्तिपुर र स्टुडेन्टस बुक्स पब्लिकेसर्स एण्ड डिस्ट्रीब्युटर्स ।

ढकाल, माधवप्रसाद र कोइराला मातृकाप्रसाद (२०६३), *शिक्षाका आधारहरू,* काठमाडौं : रत्नपुस्तक भण्डार ।

*प्रारम्भिक बालविकास दिग्दर्शन* (२०६२), नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालय शिक्षा विभाग, काठमाडौं : सानोठिमी ।

पोखेल, डिल्लीराम (२०७२), *प्रारम्भिक बालविकास कार्यक्रमको उपलब्धि स्तर* (अप्रकाशित स्नातकोत्तर शोधपत्र) सुरुङ्गा : कनकाई बहुमुखी क्याम्पस, मोरङ ।

पौडेल, रमेशचन्द्र (२०७२), *पूर्व प्राथमिक कक्षाको व्यवस्थापनले सिकाइ उपलब्धिमा पारेको प्रभाव* (अप्रकाशित स्नातकोत्तर शोधपत्र) सुरुङ्गा : कनकाई बहुमुखी क्याम्पस, मोरङ ।

*बालविकास दिग्दर्शन* (२०६२), नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालय शिक्षा विभाग सानोठिमी : भक्तपुर ।

बासुकला, लक्ष्मीभक्त (२०७३), *प्रभात बुलेटिन,* अनलाइन माफ्ऱडोर ।

रिजाल, लक्ष्मी (सन् २०१४), युगबोध, मन्टेश्वरी शिक्षा किन ? जुलाई ४ ।

लिम्बू, चन्द्रकला (२०७३) *सामुदायिक विद्यालयमा बालशिक्षा व्यवस्थापन प्रक्रिया,* (अप्रकाशित शोधपत्र) इलाम : महेन्द्ररत्न बहुमुखी क्याम्पस ।

शर्मा, चिरञ्जीवी र शर्मा, निर्मला (२०७३), *बालविकास र सिकाइ,* भोटाहिटी काठमाडौं : एम के पब्लिसर्स एण्ड डिस्ट्रीब्युटर्स ।

शर्मा, चिरञ्जीवी र शर्मा, निर्मला (२०६५), *शिक्षाको परिचय,* भोटाहिटी काठमाडौँ : एम.के. पब्लिसर्स एण्ड डिष्ट्रीब्युटर्स ।

*शिक्षा नियमावली* (२०५९), आठौँ संशोधन, (२०७१/१/२९), काठमाडौं : वर्णित प्रकाशन ।

*शिक्षा ऐन* (२०२८), आठौँ संशोधन, (२०७३/३/१५) काठमाडौं : नेपाल सरकार शिक्षा मन्त्रालय ।

*शिक्षक विद्यार्थी तथ्याङ्क विवरण* (२०७४/७५), मोरङ

Shrestha, Saran Hari, (2070). A study on Management of Physical facilities in pre-primary schools of Kathmandu valley, *Journal of EPMAN.*

## अनुसूची १

### प्रधानाध्यापकका लागि प्रश्नावली

प्र.अ.को नामः शैक्षिक योग्यताः

विद्यालयको नामः अनुभवः

---

१. मन्टेश्वरी शिक्षा कक्षाका लागि कहाँकहाँबाट सहयोग प्राप्त गर्नुभएको छ ?

२. मन्टेश्वरी शिक्षा कक्षाको वास्तविक समस्याहरू के के छन् ?

३. मन्टेश्वरी शिक्षामा कुन माध्यमबाट पठनपाठन हुन्छ ?

४. मन्टेश्वरी शिक्षामा भर्नाका आधारहरू के के राख्नुभएको छ ?

५. मन्टेश्वरी शिक्षा दैनिक कति समयसम्म सञ्चालन हुने गरेको छ ?

६. मन्टेश्वरी शिक्षा शिक्षकका लागि मासिक कति तलब प्रदान गर्नु भएको छ ?

७. मन्टेश्वरी शिक्षा शिक्षकले मन्टेश्वरी शिक्षा बाहेक अन्य कुनै कक्षामा पनि पठनपाठन गर्न लगाउनु भएको छ ?

८. मन्टेश्वरी शिक्षाको नियमित अनुगमन हुने गरेको छ कि छैन ?

९. दिवाखाजा दैनिक रूपमा दिने गर्नुभएको छ ?

१०. वार्षिक कार्यपात्रो निर्माण गर्नुभएको छ र यसको प्रयोग भएको छ ?

## अनुसूची २

## शिक्षकका लागि प्रश्नावली

नामः विद्यालयः

---

१. तपाईले मन्टेश्वरी शिक्षाको व्यवस्थापन कसरी गर्नुभएको छ ?

२. मन्टेश्वरी शिक्षा शिक्षकको बोर्डिङप्रतिको जवाफदेहिता कतिको पाउनु भएको छ ?

३. मन्टेश्वरी शिक्षाको लागि प्रमुख समस्याहरू के के छन् ?

४. कक्षाको चलिरहेको समयमा बालबालिका रुन थाले भने तपाई के गर्नु हुन्छ ?

५. तपाईको कक्षामा कति उमेर समुहदेखिका बालबालिकाहरु राख्नु भएको छ ?

## अनुसूची ३

## प्लाब्सन/अनप्याब्सनका लागि प्रश्नावली

नामः स्रोतकेन्द्रः

---

१. तपाईको प्याब्सन/अनप्याब्सन अन्तरगत कतिवटा मन्टेश्वरी शिक्षा रहेको छ ?

२. मन्टेश्वरी शिक्षा शिक्षक तालिम प्राप्त छन् छैनन्, छन् भने कति छन्, छैनन् भने कति छैनन् ?

३. मन्टेश्वरी शिक्षा शिक्षकले तालिममा सिकेका क्रियाकलापलाई व्यवहारमा लागु गरिएको छ छैन के पाउनु भएको छ ?

४. मन्टेश्वरी शिक्षा कार्यक्रमको समस्या केही छ ?

५. मन्टेश्वरी शिक्षामा सुपरिवेक्षणको रूपमा कक्षा अवलोकन गर्नुभएको छ ?

६. मन्टेश्वरी शिक्षामा सुपरीक्षण गर्नुभएको छ ? गर्नुभएको छ भने कतिको अन्तरालमा गर्नुभएको छ ?

## अनुसूची ४

### मन्टेश्वरीका विद्यार्थीसँग समूहगत अन्तर्वार्ताका लागि प्रश्नावली

१. तिमी यस मन्टेश्वरी स्कुलमा कति कक्षामा भर्ना भयौ ?

२. तिमीलाई मन्टेश्वरी स्कुल आउन कतिको मन पर्छ ?

३. तिमीलाई कुन शिक्षक मनपर्छ, किन ?

४. तिमीहरूले खेल्ने सामग्री कुन रूपमा पाउँछौ ?

क) सधैँ ख) कहिलेकाहिँ ग) पाइदैन

५. तिमीलाई के के गर्न आउँछ, भन ।

६. तिम्रो घरमा को को छन् ?

७. तिमीभन्दा सानालाई के गर्छौ ?

८. तिमीभन्दा ठूलालाई के गर्छौ ?

९. तिम्रो हातमा जम्मा कतिवटा औंला छन् ?

१०. झगडा गर्नु हुन्छ कि हुँदैन ?

११. यस मन्टेश्वरी स्कुलमा खाजा दिनुहुन्छ कि हुँदैन ?

१२. तिमीहरूले मन्टेश्वरी स्कुलबाट पुस्तक पाएका छौ कि छैनौ ?

१३. तिमीलाई मन्टेश्वरी स्कुलमा रहँदा कस्तो लाग्छ ?

क) रमाइलो ख) अल्छी ग) ठिकै

१४. तिम्रो बुबाआमा मन्टेश्वरी स्कुलमा कसरी आउनुहुन्छ ?

क) सधैँ ख) कहिलेकाहीँ ग) आउनु हुन्न ।

## अनुसूची ५

## अभिभावकका लागि अन्तर्वार्ता

१. तपाईको नानी कुन मन्टेश्वरी स्कुलमा अध्ययनरत छ ?

२. तपाईले नानीलाई कुन कक्षाबाट मन्टेश्वरी स्कुलमा भर्ना गर्नुभयो ?

३. तपाईको नानी सधैं स्कुल जान मन गर्छ ?

क) गर्छ ख) गर्दैन ग) गर्छ भने किन घ) गर्दैन भने किन

४. मन्टेश्वरी स्कुलमा आएपछि के के कुरामा परिवर्तन पाउनुभयो ?

५. मन्टेश्वरीमा के के कुरामा सुधार गर्नुपर्ने जस्तो लाग्छ ?

६. मन्टेश्वरी स्कुलमा दिवाखाजा कार्यक्रमको व्यवस्था छ ?

७. तपाईलाई दिवाखाजा कार्यक्रम कस्तो लाग्छ ?

८. तपाईका नानीहरूले स्कुलमा सिकेको कुराहरूलाई घरमा आएर व्यवहारमा उतार्छन् ?

## अनुसूची ६

### मन्टेश्वरी शिक्षकको लागि अन्तर्वार्ता प्रश्नावली

१. मन्टेश्वरी स्कुलमा कति वर्षका नानीहरू आउने गरेका छन् ?

२. तपाईले कति वर्ष भयो मन्टेश्वरी स्कुलमा काम गर्नुभएको ?

३. तपाईको मासिक पारिश्रमिक कति छ ?

४. दिवाखाजा कार्यक्रमले नानीहरूलाई कसरी प्रभावित गरेको छ ?

५. मन्टेश्वरीमा आउने नानीहरूको के कस्तो समस्याहरू छन् ?

६. शिक्षण सिकाइ क्रियाकलापको बारेमा तालिम प्राप्त गर्नुभयो ?

७. अभिभावकको मन्टेश्वरी स्कुलमा कतिको उपस्थिति छ ?

क) उच्च   ख) सामान्य   ग) न्यून